www.musickhabar.com

# म्यूजिक खबर

Musickhabar Fortnightly Magazine पाक्षिक

वर्ष १, अंक १२, २०७४ बैशाख १ गते शुक्रबार April 14, 2017 रु.१५।-






नेपाली संगीत क्षेत्रलाई हेर्ने हो भने यो वर्ष गायक संगीतकार कालिप्रसाद बास्कोटाले कब्जा नै जमाए भने गायक तथा संगीतकार राजनराज शिवाकोटीको राज चल्यो । २०७३ यी दुबैका लागि सहज बन्यो अर्थात् चर्चाको शिखरमा दुवैजना हावी भए । प्राय गरेर उनीहरूको संगीत एवं स्वरमा रहेका गीत नै यो वर्ष चर्चाको शिखरमा रहे । पूर्व मेचीदेखि पश्चिम महाकालीसम्मकै कुनै पनि पार्टी, सभा समारोहमा होस् वा मेला महोत्सव नै किन नहोस् उनीहरूको गीत नबजेको स्थान नभेट्ने कोही छैन । यिनीहरू दुवै उपस्थित नभए पनि उनीहरूका गीतमा नृत्य गर्नेहरूले पनि त्यहाँ उनीहरूका गीतको प्रतिनिधित्व गरिरहेकै हुन्छन् ।

कालिप्रसाद बास्कोटाको संगीतमा रहेको ठमेल बजार सबैभन्दा अगाडि देखियो भने पछिल्लो समय आएको साइलीले पनि कालीलाई उचाइ दिलायो । त्यस्तै राजनराजको संगीत र स्वरमा रहेको पूर्वपश्चिम रेलले पनि स्पीड बढायो । सुर्के थैलीपछि सांगीतिक उचाइलाई उकालोतर्फ लगिरहेको अवस्थामा राजनको पूर्वपश्चिम रेलले राज गर्न सफल भयो । विस्तृत पृष्ठ ५ मा

# कालीको कब्जा
# राजनको राज









www.musickhabar.com
म्यूजिक खबर
Musickhabar Fortnightly Magazine पाक्षिक

## रिलिज कर्नर

### प्रमोदको 'लाइदेउन मायाले'




गायक प्रमोद खरेलको नयाँ गीतको म्यूजिक भिडियो यतिखेर भाइरल बन्दैछ । हिजो २ बजे मात्र अपलोड गरेको २४ घन्टामा ५४ हजार ५ सय भन्दा माथि दर्शकहरूले हेरेपछि लाइदेउन मायाले बोलको पछिल्लो गीतले पनि प्रमोदलाई चर्चाको शिखरमा थाँती राख्ने विश्वास गरिएको छ । डीपी खनालको शब्द र राजनराज शिवाकोटीको संगीतमा तयार भएको लोक शैलीको यो गीतले नेपाली स्रोताहरूको मन जितिसकेको देखिन्छ । अपहरण शैलीमा प्रियंका कार्कीलाई देखाइएको यो म्यूजिक भिडियोमा प्रमोद र प्रियंका मुख्य पात्रका रूपमा प्रस्तुत भएको छ । यूट्यूब लगायत सामाजिक सञ्जालमा भाइरले बन्दै गरेको यो भिडियोका दर्शकहरूले अन्य गीतहरूजस्तै रूचाउने विश्वास लिइएको गायक खरेलले बताए । प्रमोदका ओइ झुमा, चल बतास चलचल, डुबायो पापी मायाले जस्ता दर्जनौं गीतहरु चर्चाको शिखरमा छन् ।

### पंगेनी र खरेलको हाँसी हाँसी जीउँला




गायक बद्री पंगेनी र गायिका मालती खरेलको लोकदोहोरी गीत हाँसी हाँसी जीउँला बजारमा आएको छ । अड्कलेको मायाले पुग्दैन पानी खाँदा मूल कहिल्यै सुक्दैन हाँसी हाँसी जीउँला पिर नगर पिरती थपीथपी दिउँला जस्ता मार्मिक शब्दहरूमा मायाप्रेमकै कथावस्तुमा लेखिएको छ । मायाप्रेमकै सेरोफेरोमा आधारित रहेर तयार पारिएको यस गीतलाई एकनारायण भण्डारीले लय र शब्द सिर्जना गरेका छन् । सितारा म्यूजिकको प्रस्तुतिमा बजारमा आएको यस गीतको म्यूजिक भिडियोलाई भने प्रकाश भट्टले निर्देशन गरेका छन् । करण चैंसिरको छायाँकन रहेको यस भिडियोलाई विष्णु शर्माले सम्पादन गरेका छन् । प्रेम थापा र करिश्मा ढकालको अभिनय रहेको यस म्यूजिक भिडियोलाई साइभिजन प्रालिले पोष्ट प्रोडक्सन गरेको हो ।

### चन्द्रको सलल बग्यो गण्डकी

गायक चन्द्र शर्माको नयाँ गीत सलल बग्यो गण्डकी बजारमा आएको छ । पहिला पहिला रेडियो नेपालबाट स्रोताहरूले सुनेको गीत सलल बग्यो गण्डकीलाई नयाँ एरेन्जमेन्टसहित बजारमा ल्याइएको हो । रेडियो नेपालमा लाइभ प्रोग्राममा गाइएको गीतको कुनै पनि रेकर्ड प्राप्त गर्न नसकेपछि पुनः नयाँपनका साथमा यो गीतलाई



रेकर्ड गरिएको गायक शर्माले बताए । गायक दुर्गा रायमाझीको शब्द र गायक अमरविरही गुरूङको भाका रहेको यो गीतले मान्छेको जीवनको यथार्थ कहानीलाई समेटेको छ । बाँचुन्जेल रमाइलो गरेर अन्तिममा धर्ती छाडेर जानुपर्ने सबैको बाध्यतालाई यो गीतले उजागर गरेको छ । गायक चन्द्र शर्माको स्वर रहेको यो गीतमा गायिका टीका पुनले साथ दिएकी छन् । शंकर बिसीको निर्देशनमा बनेको यो म्यूजिक भिडियोमा चल्तीका गायक गायिकाहरू राजु ढकाल, शिव हमाल, पी.एन. सापकोटा लगायतका कलाकारहरूले आफैं अभिनय गरेका छन् ।

## प्रतिक्षामार्फत् सांगीतिक क्षेत्रमा डेब्यू




**म्यूजिकखबर** । प्रतिभाशाली नवगायिका प्रतिक्षा गुरूङ् पहिलो संग्रह 'प्रतिक्षा' मार्फत सांगीतिक क्षेत्रमा उदाएकी छिनु । गोरखामा जन्मिएकी पेशाले नर्स र समाजसेवी प्रतिक्षाको विगत नौ वर्ष देखिको साधनाको यो पहिलो कोशेली एल्बम 'प्रतिक्षा' हो । गीतसंगीत क्षेत्रका विशिष्ट व्यक्तित्वहरूको हातबाट प्रतिक्षाको प्रतिक्षालाई सार्वजनिक गरिएको हो । समारोहमा गुरूङ् कल्याणकारी समाजका अध्यक्ष टेक बहादुर गुरूङ्, बरिष्ठ गीतकार तथा गजलकार डा. कृष्णहरि बराल, वरिष्ठ गायिका कुन्ति मोक्तान, चर्चित गायिका रिमा गुरूङ् होडा, संगीतकार गैरे सुरेश, गीतकार दिप घतानी,को उपस्थितीमा प्रतिक्षाको विमोचन भएको थियो ।

जुन एल्बममा ६ वटा गीत समावेश गरिएको छ । जसमा शब्द डा.कृष्ण हरि बरालको र दीप घतानीको साथै संगीत गैरे सुरेशको रहेको छ । यस एल्बम रहेका सबै गीतको संगीत संयोजन सुमन क्षेत्रीले गरेका हुन् । यो एल्बमको गीतहरू ए वन म्यूजिसियन स्टूडियो, अकेस्टिक स्टूडियोमा रेकडिङ्ग गरेको हो जसमा रेकडिङ्ग साजन शाह र दिप घतानीले गरेका हुन् साथै मिक्सिङ्ग भने किशोर थापा र प्रकाश मिश्रको रहेको छ ।

यस एल्बमबाट दुई वटा म्यूजिक भिडियो तयार गरेको छ । जसलाई कमल राईले निर्देशन गरेका छन् र मेकअप रितु रानाले गरेकी छिन् । संचारकर्मी बिनोद पोखरेलले उद्घोषण गरेको यस विमोचन समारोहलाई सेलिब्रेटी म्यानेजमेन्ट नेपालले व्यवस्थापन गरेको थियो भने यस एल्बमको सम्पूर्ण प्रचार प्रसारको जिम्मेवारी म्यूजिक जोय मिडियाले लिएको छ ।

## पूजा मारियाको दुई गीतिसंग्रह सार्वजनिक




**म्यूजिकखबर** । गीतकार पूजा मारियाको दुई गीतिसंग्रह जीवन साथी र परदेशीको यादमा सार्वजनिक भएको छ । वरिष्ठ कलाकार नीर शाह, वरिष्ठ गायक दीपक खरेल, गीतकार संघका अध्यक्ष चुडामणी देवकोटा, संगीतकार राम सिटौला लगायतको हातबाट दुई एल्बमको सार्वजनिक गरिएको थियो । शिव फोर एस मिडियाका संचालक निर्देशक शिव विकको अध्यक्षतामा आयोजना गरिएको उक्त कार्यक्रमलाई राजेश घतानी र चन्दा खड्काले कार्यक्रम संचालन गरेका थिए ।

गीतकार पूजा मारियाले अतिथिहरूलाई स्वागत गर्दै आफ्ना जीवनका भोगाइहरूलाई गीतमार्फत् उतारेको बताएकी थिइन् । पूर्वी जिल्ला सुनसरीमा रहेर गीतसंगीतमा सक्रिय रहेकी पूजाले आफ्ना दुई एल्बम संगीत साधना प्रतिष्ठान नेपालको सहयोगार्थ कार्यक्रम आयोजना गरेकी हुन् । दीप पूजा म्यूजिकले बजार प्रबर्द्धन गरेको जीवन साथी एल्बम आधुनिक गीतिसंग्रह हो । जसमा जीवन साथी, सुस्तरी सुस्तरी, मैले दिएको सिन्दुरलाई, यात्रा मेरो लक्ष्य तिम्रो, स्वाभिमान बनी हामी, हृदयको कुनाभित्र जस्ता गीत समावेश गरिएको छ । जसमा प्रमोद खरेल, गौरी मल्ल, अन्जु पन्त, मेलिना राई, प्राश्ना पाण्डेको स्वर रहेको छ । जसमा संगीत राम सिटौलाको रहेको छ ।

त्यसैगरी परदेशीको यादमा लोकदोहोरी गीतिसंग्रहमा दुई गीत समावेश गरिएको छ । जसमा परदेशीको यादमा र बस्छु तिम्रै तस्विर छोएर गीत रहेका छन् । भरत भट्ट र चन्दा खड्काको स्वर रहेको दुई गीतमा भरत भट्टको लय रहेको छ ।

## पारसमणी बरालको पारसमणी-३




**म्यूजिकखबर** । गायक तथा गीतकार पारसमणि बरालको नयाँ गीति एल्बम पारसमणि–३को विमोचन गरिएको छ । राजधानीको युनियन हाउसमा आयोजित कार्यक्रममा संगीतकार शक्ति बल्लभ, गायक सुमित खड्का, गीतकार पारसमणी बराल, हाँस्य कलाकार तथा निर्देशक दीपाश्री निरौला, सञ्चारकर्मी मनोहरि थापा, निर्देशक नरेन्द्र श्रेष्ठ लगायतले विमोचन गरे ।

एल्बममा 'तिमीलाई बाटो छेकी रूवाएको', 'तिम्रो प्रेमको माला लाउँदा', 'हत्केलामा कोरिएका भाग्यरेखालाई', 'गहभरी आँशु आए', 'बुझ्नेलाई बुझाउन इसारा नै काफी', 'तिमी वर म चाहिँ पर कुन ठाउँ घर', 'आफ्नै माया बिर्सिएर', बोलका गीतहरु समेटिएका छन् । गीतमा सुमितसँगै पारसमणि र शक्ति बल्लभको पनि स्वर छ ।

कार्यक्रममा गायक सुमितले डान्सिङ बिटको 'तिमी वर म चाहिं पर कुन ठाउँ घर' बोलको गीत गाएर उपस्थित व्यक्तित्वहरूलाई नाचुँ नाचुँ बनाएका थिए भने गायक सुमित, संगीतकार शक्तिबल्लभ र रचनाकार पारसमणीको आवाजमा रहेको 'आफ्नै माया बिर्सिएर' बोलको कर्णप्रिय गीतलाई पनि गाएर सुनाइएको थियो ।

सञ्चारकर्मी मनोहरि थापा, गीतकार संघका अध्यक्ष चुँडामणी देबकोटा लगायतले पारसमणी-३लाई सफलताको शुभकामना दिएका थिए । निर्देशक तथा कलाकार दीपाश्री निरौलाले रोमाञ्चित शैलीमा एल्बमलाई शुभकामना दिएकी थिइन् । उनले 'पारसमणी-३' लाई श्रोताल मनपराउने विश्वास व्यक्त गरिन् । संगीतकार बल्लभले पारसमणिका अघिल्ला भैं नयाँ एल्बममा पनि कर्णप्रिय गीत रहेको बताए ।

एल्बमको उत्पादन, बितरण तथा बजार व्यवस्थापनको जिम्मा स्पार्क इन्टरटेन्मेन्टले लिएको छ । कार्यक्रमलाई गीतकार तथा कानुनव्यवसायी श्याम रोक्काले सञ्चालन गरेका थिए ।

# अन्जु र कृष्ण पार्श्व गायनमा अब्बल

## सुमनले चुमे राष्ट्रिय भावको अवार्ड, खाँड र बिसी उत्कृष्ट गायक गायिका



**म्यूजिकखबर ।** रापती समाज काठमाडौंको आयोजनामा भएको पाँचौं राष्ट्रिय म्यूजिक अवार्डमा गायिका अन्जु पन्त र गायक कृष्ण काफ्ले पार्श्व गायनमा अब्बल ठहरिए । अन्जुले चलचित्र प्रेमगीतबाट अवार्ड चुम्न सफल भइन् भने कृष्णले छक्कापञ्जाको देखन चम्पाबाट अवार्ड चुम्न सफल भए । त्यस्तै राष्ट्रिय भावको विधामा नेपाल भएर नै बोलको गीतबाट सुमन पण्डितले अवार्ड चुम्न सफल भए भने लोकदोहोरीतर्फ गायक रामजी खाँड र गायिका पूर्णकला बि.सी. उत्कृष्ट बन्न सफल भए ।

विभिन्न ३२ विधामा आयोजना गरिएको उक्त अवार्डमा सर्वोत्कृष्ट चलचित्र गीत रचनाकारको अवार्ड प्रेमगीतको 'म त अलपत्रै पर्छु' बोलको गीतबाट डा.कृष्णहरि बरालले चुम्न सफल भए भने सर्वोत्कृष्ट चलचित्र संगीतकारको अवार्ड चलचित्र छक्का पञ्जाबाट 'देखन चम्पा' बोलको गीतबाट दिपक शर्माले हात पारे ।

त्यसैगरी सुगम संगीत गायकको अवार्ड मनोज राजले चुम्न सफल भए भने गायिकातर्फ मेलिना राईले अवार्ड चुमिन् । सर्वोत्कृष्ट गीतकारको अवार्ड एकनारायण भण्डारीले उचाल्न सफल भए सुगम संगीत संगीतकारमा सुनिल मास्के उत्कृष्ट ठहरिए ।

सर्वोत्कृष्ट सुगम संगीत एल्बम को अवार्ड विजेता भने गीतकार नृपध्वज खड्काको एल्बम 'पल्लवी' हुन पुग्यो । सर्वोत्कृष्ट सुगम संगीत म्यूजिक भिडियो निर्देशक कपिल लामा, सर्वोत्कृष्ट महिला मोडल सुगम संगीत तर्फ वर्षा शिवाकोटी, सर्वोत्कृष्ट मोडल पुरुष सुगम संगीत तर्फ बिक्रम बुढाथोकीले

भिडियो मोडेल महिलाको अवार्ड विजेता रश्मी तामाङ हुन पुगिन् भने सर्वोत्कृष्ट लोक दोहोरी म्युजिक भिडियो मोडल पुरूषको अवार्डमा महेन्द्र गौतम अब्बल ठहरिए । सर्वोत्कृष्ट लोकदोहोरी संगीत संयोजक विधा तर्फको अवार्ड राकेश सोनीले उचाल्न सफल भए ।

त्यस्तै सर्वोत्कृष्ट लोक दोहोरी म्युजिक भिडीयो निर्देशकको अवार्ड विजेता बब्बु थापा रहे भने सर्वोत्कृष्ट लोक गीतको अवार्ड जमुना रानाले आफ्नो भागमा पार्न सफल भइन् । सर्वोत्कृष्ट पप गीतको अवार्ड भुपु पाण्डेले पाए ।

अवार्ड समारोहमा जुरी अवार्ड संगीतकारतर्फ सन्तोष श्रेष्ठ, गायनतर्फ कृष्ण रेउले, मोडलतर्फ शंकर बिसीलाई प्रदान गरियो । त्यसैगरी मोडल रञ्जिता गुरूङले पब्लिक च्वाइस अवार्ड चुम्न सफल भइन् भने एसमएस च्वाइस अवार्डबाट कर्म मुस्कानले अवार्ड हात पारे ।

रापती म्यूजिक अवार्डमा लाइफटाइम अचिम्मेण्ट अवार्डबाट बरिष्ठ गायिका चन्द्रकला शाहलाई सम्मान गरिएको थियो ।




ध्वनी मुद्रणको अवार्ड किशोर थापाले चुमे भने संगीत संयोजन सुगम संगीत तर्फको अवार्ड विष्णु अधिकारीले जित्न सफल भए । म्यूजिक भिडियो सम्पादक टेकेन्द्र शाहले अवार्ड चुमे भने भिडियो छायाँकारको अवार्ड रविन्द्र बरालले चुम्न सफल भए ।

अवार्ड उचाले । सर्वोत्कृष्ट नवगायिका सुगम संगीततर्फ पूर्णिमा लामा र नवगायक सुगम संगीत तर्फ रमेश कँडेल बन्न सफल भए ।

लोकदोहोरी नवप्रतिभा गायिकाको अवार्ड विजेता भने विष्णु बस्नेत रहिन् नवप्रतिभा गायकको अवार्ड युवराज भगरले उचाल्न सफल भए । सर्वोत्कृष्ट लोक दोहोरी म्युजिक

रापती समाजका अध्यक्ष शशि शर्मा मजगैंयाको अध्यक्षतामा भएको कार्यक्रममा उपप्रधान तथा अर्थमन्त्री कृष्णबहादुर महराको प्रमुख आतिथ्यता रहेको थियो भने रापती क्षेत्रका नेता तथा मन्त्रीहरूको उपस्थिति रहेको थियो ।

तस्विरः दिनेश थापा

# राधिका हमालको नेतृत्वमा रोल्पा कलाकार समाज

**म्यूजिकखबर ।** चर्चित गायिका राधिका हमालको नेतृत्वमा रोल्पा कलाकार समाज गठन भएको छ । आज राजधानीको विनायो क्याफेमा भएको भेलाले रोल्पाबाट काठमाडौंमा छरिएर रहेका कला संस्कृतिका क्षेत्रमा लागेका



सम्पूर्ण कलाकारहरू संगठित हुँदै गायिका हमाललाई नेतृत्व प्रदान गरेका हुन् । काठमाडौंमा रहेका २३२ जना रोल्पाली कलाकारमध्येबाट लोकदोहोरीको क्षेत्रमा शिखर चुम्न सफल गायिका राधिका हमाललाई नेतृत्व दिइएको हो ।

समाजको उपाध्यक्षमा भने उदिराम खड्का चयन भएका छन् भने सचिवमा हरी डाँगी, सह(सचिवमा ज्योति मगर चयन भएका छन् । त्यस्तै कोषाध्यक्षमा जालुमाया गुरुङलाई चयन गरिएको छ भने सदस्यहरूमा नन्द घर्ती मगर, देवीराम राना मगर, गीता महरा, पोषण घर्ती, सागर बाबु पुन, लोक बहादुर रसाइली चयन भएका छन् । आजको भेलाले ११ जना कलाकारहरूको चयन गरेको भए पनि अझै केही पदाधिकारी चयन गर्न बाँकी रहेको अध्यक्ष हमालले म्यूजिक खबरलाई बताइन् ।

भेलालाई सफल बनाउनका लागि विशिष्ट अतिथिहरू वरिष्ठ कलाकार एवं गीतसंगीतबाट रोल्पालाई पहिलो गोल्डमेडल दिलाउन सफल ब्यक्तित्व तथा मेचीमहाकाली बुद्धिजीवी महासंघका महासचिव कुलानन्द गिरी, नि.रोल्पा सभापति ने.का राजनीतिज्ञ एवं अग्रज कलाकार कृष्ण घर्तीमगर, जोरा नाच पैसेरू नाच आदि कि बिज्ञ र उपाध्यक्ष रोल्पा जलजला सेवा समाज खिम कुमारी बुढामगर, चलचित्र गीतकार र रोल्पा काठमाडौ सम्पर्क समिति अध्यक्ष गणेश सुवेदी, अग्रज बाद्यबादक गुरू घर्ती, रोल्पा जलजला सेवा समाजका महासचिव तिलक रोका, साहित्यकार दीप दर्पण लगायतको आतिथ्यतामा रोल्पाली कलाकारहरूको भेलालो समाजको घोषणा गरेको हो ।

नेपाल माइक्रो कम्पनी प्रा.लि.
टिकट काउन्टर
नयाँ बसपार्क, पूजाकोठी (पेट्रोलपम्प नजिक)
सम्पर्कः ४३८७१६३, ९८४१३१०३१५

काठमाडौंबाट बर्दिबास, धरान, इटहरी, विराटनगर, पोखरा, वेशीशहर, नुवाकोट, विराटनगरदेखि काँकडभिट्टासम्मको माइक्रोबसको टिकट बुकिङ गरिन्छ ।

हार्दिक शुभकामना
नववर्ष २०७४ को पावन अवसरमा गीतसंगीतप्रेमी समस्त नेपाली दाजुभाइ तथा दिदीबहिनीहरुमा हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछु ।
योजना पुरी
गायिका/सञ्चारकर्मी

हार्दिक शुभकामना
नववर्ष २०७४ को पावन अवसरमा गीतसंगीतप्रेमी समस्त नेपाली दाजुभाइ तथा दिदीबहिनीहरुमा हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछु ।
सनम कठायत
मोडल/सञ्चारकर्मी

हार्दिक शुभकामना
नववर्ष २०७४ को पावन अवसरमा गीतसंगीतप्रेमी समस्त नेपाली दाजुभाइ तथा दिदीबहिनीहरुमा हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछु ।
सन्तोष श्रेष्ठ
संगीतकार
गोल्डेन क्रियशन
साधनाकुन्ज, काठमाडौं

हार्दिक शुभकामना
नववर्ष २०७४ को पावन अवसरमा गीतसंगीतप्रेमी समस्त नेपाली दाजुभाइ तथा दिदीबहिनीहरुमा हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछु ।
विरही कार्की
गायक

www.musickhabar.com
म्यूजिक खबर
Musickhabar Fortnightly Magazine पाक्षिक

सल्लाहकार
डा.कृष्णहरि बराल
डा.नवराज लम्साल
शान्तिप्रिय
नारायण रायमाझी
टीका भण्डारी
सन्तोष श्रेष्ठ

प्रकाशक/सम्पादक
सविता पोखरेल

प्रधान सम्पादक
सुमन पण्डित

निर्देशक
मिलन मोक्तान

सम्वाददाता
राधिका अधिकारी
दिनेश थापा

व्यवस्थापक
अविनाश लम्साल

तस्वीर
नवीनबाबु गुरुङ
देवराज आचार्य

कार्यालयः
पुतलीसडक, काठमाडौं ।
फोनः ०१-४०१०३४५,
musickhabar.com@gmail.com

मुद्रणः
गौरीशंकर प्रिन्टिङ प्रेस एण्ड
पब्लिकेशन, बागबजार काठमाडौं

# सम्पादकीय

## सकारात्मक बाटोमा अघि बढोस् २०७४

गीतसंगीतका हिसाबले २०७३ त्यति फलदायी नभए पनि औसतमा सामान्य नै रह्यो । व्यस्तताको हिसाबले संगीतकर्मीहरू निकै व्यस्त देखिए तर आम्दानीको हिसाबमा कलाकारहरूको सिर्जनाले भने डिजिटल माध्यमभन्दा अन्य स्रोतको सिर्जना गर्न नसकेको अवस्था रह्यो । स्टुडियो, बाद्यवादक, संगीतकर्मीहरू भने निकै नै व्यस्त रहे तर गायक गायिका र लगानीकर्ताको आम्दानीका हिसाबले भने फलदायी भएन । केही चल्तीका गायक गायिका भन्दा अन्यले आम्दानीको विकल्प खोज्नुपर्ने अवस्था यथावत रह्यो । केही गीतहरू मात्र बजारमा चर्चाको शिखरमा रहे । समग्रमा संगीतकार कालिप्रसाद बास्कोटा र राजनराज शिवाकोटी अग्रपंक्तिमा देखिए भने वसन्त सापकोटा, हरि लम्साल, सन्तोष श्रेष्ठ, राजेश थापा संगीतकर्मीहरूको पनि आशावादी स्थान देखियो । सुरेश अधिकारी, महेश खड्का जस्ता संगीतकारहरू भने संगीतकर्म भन्दा पनि अधिकारको रक्षार्थ रोयल्टीका मुद्दाहरू लिएर अगाडि बढिरहे । उनीहरूले रोयल्टी व्यवस्थापनको मुद्दालाई सरकारी निकायसम्म घचघच्याउँदै केही हदसम्म सफल हुन पुगेका छन् । जसले गर्दा अब गीतसंगीतको सार्वजनिक प्रयोग गरेर अथाहा सम्पत्ति कमाउनेहरूले रोयल्टी नतिरि सुखै नपाउने अवस्था सिर्जना भएको छ । मेला महोत्सवका हिसाबले गायक गायिकाहरू सीमित मात्र चल्न सफल भए । आफ्नो पहुँच र आयोजकको नजिक रहनेहरूले भने मेला महोत्सव पाइरहे । जहाँ गीत र गायनको चर्चाका हिसाबले दुई चारजना बाहेक अरूले स्थान पाउन सकेनन् अर्थात् ठेकेदारी प्रवृत्ति हावी देखियो ।

२०७३ संगीत क्षेत्रका हस्तीहरू गुमाउनु पऱ्यो । गीतकार एवं पत्रकार सूर्यकुमार क्षेत्री, देउडा गायक महाशंकर देवकोटा, वरिष्ठ संगीतज्ञ अम्बर गुरुङ, गायक खेम गुरुङ, तबलाबादक होमनाथ उपाध्याय, गायक सुनिल बर्देवा, गायक आरपी भट्टराई, गायक मधुबाबु थापा, युवा ऱ्यापर अनिल अधिकारी (यमबुद्ध), गायक पन्नाकाजी शाक्यजस्ता हस्तीहरू यो क्षेत्रले गुमाउन पुग्यो । जसले यो क्षेत्रलाई माथि लैजान महत्वपूर्ण योगदान गरे संगीत क्षेत्रलाई अपुरणीय क्षति हुन पुग्यो ।

२०७३ साल जे जस्तो भयो अब त्यसलाई आत्मसात गर्दै २०७४ लाई नयाँ आयामका साथ नयाँ उचाइमा लैजान महत्वपूर्ण भूमिका खेल्नुपर्ने देखिन्छ । हाम्रो संगीतको विकासले जसरी फड्को मारिरहेको छ त्यसको पछाडि आम्दानी शून्य भइरहेको बेला अब हामीले संगीत उद्योगमा बेच्ने सिर्जना दिन सक्नुपऱ्यो र उद्योगले बेच्ने वातावरणको सिर्जना गर्न सक्नुपऱ्यो । कलाकार आफ्नो कला प्रस्तुत गरिरहने फाइदा लिनेहरूले लिइरहने अवस्थाबाट मुक्त हुनका लागि कलाकार एकजुट भएर आफ्नो अधिकारको बारेमा लड्न सक्नुपऱ्यो । अधिकार प्राप्तिपछि मात्रै समृद्ध उद्योगको कल्पना गर्न सकिनेछ भन्ने सोचमा अघि बढ्नुपर्ने आजको आवश्यकता रहेको छ । एकआपसमा हुने सामान्य मनमुटावलाई पन्छाएर नयाँ योजना लिएर गीतसंगीतको क्षेत्रमा क्रियाशील संघसंस्थाहरू अगाडि बढ्नुपर्छ । संस्था त्यसपछि मात्र संस्था बन्न सक्छ । २०७३ फलदायी बन्न नसके पनि २०७४ संगीतको वर्षको रूपमा परिचित बनोस् । म्यूजिकखबर परिवार समस्त संगीतकर्मी, संगीतधर्मीहरूमा नयाँ वर्ष २०७४ को शुभकामना ।

## दाजुभाइको सांगीतिक सहकार्य



एउटै परिवारमा भए पनि सबैका दाजुभाइको उद्देश्य एउटै हुँदैन । तर दाजु नरेश खाती र भाइ मेक्सम खाती क्षेत्रीको सांगीतिक जोडी भने निकै जमेको जोडीमा पर्छ । नरेश खाती आफैँमा राम्रो गायक हुन् । उनी राम्रा गीतसंगीत सिर्जनामा पनि उत्तिकै सक्रिय छन् । शब्द लेख्छन् अनि संगीत भर्छन् तर गायकीमा भने आफूभन्दा भाइ मेक्समलाई अगाडि ल्याउन चाहन्छन् । भाइसँग राम्रो क्षमता छ, लोक दोहोरीमा मात्र नभएर आधुनिकमा पनि नयाँपन दिन खोज्छ मेक्सम, उनी भन्छन् ।

पछिल्लो लोकदोहोरीमा नयाँपन वा फ्यूजन गर्ने क्रममा नरेशले राम्रा सिर्जना बजारमा ल्याएका पनि छन् । शिब हमालको शब्दमा नरेशको संगीतमा रहेको गीत सानु कहाँ छौ मेक्समका लागि टर्निङ प्वाइन्ट बनेको गीत हो । सानु कहाँ छौ बोलको गीतले नरेश र मेक्सम दुवैलाई लोकदोहोरीको क्षेत्रमा माथि उचालेको थियो । त्यसैगरी रसिलो छ बोली बोलको गीत अलि फरक शैलीमा बजारमा ल्याएका थिए दाजुभाइले । जसमा नरेशको शब्द र संगीत थियो भने मेक्समको स्वर समावेश गरिएको थियो । यो गीतले पनि नरेशको सिर्जनामा मेक्समको स्वरलाई उचाइ मिलेको थियो । राम्रो चर्चा मिलेको यस गीतले लोकदोहोरीमा नयाँपनको आभास गराएको थियो ।

नरेश लोकदोहोरीमा पनि नयाँपन खोज्छन् । मौलिकता





एकातिर छ तर पछिल्लो समय चल्तीमा आएका केही अंग्रेजी शब्दको प्रयोगमा पनि उनी लोकदोहोरी मिसाउँदा फरक नपर्ने बताउँछन् । केही समय पहिला आइ लभ यू बोलको गीत उनले सिर्जना गरेका थिए भने अहिले ब्यूटी ब्यूटी छ बोलको गीत सिर्जना गरेका छन् । आइलभ यू र ब्यूटी शब्द अब नेपालकरणकै रूपमा हेर्ने गरिएको छ यसलाई अंग्रेजी भनेर लोकदोहोरीमा तिरस्कार गर्नुपर्छ जस्तो मलाई लाग्दैन नरेशले भने । शुद्ध नेपालीलाई नै लोकदोहोरीमा राख्नुपर्छ भन्नेमा उनी छैनन् किनकी चल्तीमा आएका केही अंग्रेजीले त्यो गीतलाई मिठासयुक्त बनाउँछ भने प्रयोग गर्नुपर्छ भन्नेमा नरेश देखिन्छन् ।

मेक्सम खाती अहिलेसम्म पनि संगीतको साधनारत छन् । निरन्तर संगीतको कक्षा लिइरहेका उनी कान्छो प्रतिभाका रूपमा लोकदोहोरीमा प्रवेश गरेका थिए । सानु कहाँ छौ बोलको गीत गाउँदा उनी सबैभन्दा कान्छो प्रतिभाका रूपमा दाजु दिदीहरूसँग प्रतिस्पर्धा गरिरहेका थिए । मिठो स्वरका धनी मेक्सम पछिल्लो समय महोत्सवहरूमा पनि सक्रिय छन् । गायनलाई नै केन्द्रविन्दुमा राखेर अघि बढेका मेक्सम सबैखालका गीतहरू गाउन सक्नुपर्छ, लोकदोहोरी गाउनेले संगीतको ज्ञान लिनु पर्छ भन्छन् । पछिल्लो गीत ब्यूटी ब्यूटी छ मेक्सम र मधु क्षेत्रीको स्वरमा रहेको छ । मधु क्षेत्रीको लगानी रहेको यो गीतमा नरेश खातीको शब्द संगीत छ भने मेक्समले स्वरमा साथ दिएका छन् ।

## कुमारको पछ्यौरी उडायो शिरशिर बतासैले

गायक कुमार कार्कीको पछिल्लो गीत पछ्यौरी उडायो शिशिर बतासैले सार्वजनिक भएको छ । वरिष्ठ लोकगायक कुमार बस्नेत, संगीत कला पत्रकार संघका अध्यक्ष सुमन पण्डित, संगीतकार बीबी अनुरागी लगायतले कुमारको पछ्यौरी उडायो शिरशिर बतासैले सार्वजनिक गरेका हुन् । मायालु रोधी घर विजुलीबजारमा एक कार्यक्रमको आयोजना गरी उक्त गीतलाई सार्वजनिक गरिएको थियो ।

लोक आधुनिक शैलीको दोहोरी गीत रहेको पछ्यौरी उडायो शिरशिर बतासैलेमा गायक कुमार कार्की र माण्डवी त्रिपाठीको स्वर रहेको छ । गायक स्वयम्ले शब्द सिर्जना गरेका




छन् भने खेम सेन्चुरीले यसको संगीत भरेका छन् ।

गोरखा चौतारी म्यूजिकबाट बजारमा आएको यस गीतको म्यूजिक भिडियोसमेत कार्यक्रममा देखाइएको थियो । गम्भीर विष्ट निर्देशित उक्त भिडियोमा सुशान्त कार्की र सुष्मा अधिकारीले अभिनय गरेका छन् । ज्ञानेन्द्र शर्माको छायाँकन रहेको यस भिडियोलाई नविन निरौलाले सम्पादन गरेका छन् । कार्यक्रममा उपस्थिति अतिथिहरूले गीतको प्रशंसा गर्दै डिजिटल बजारमा चर्चा बटुल्न सक्ने सम्भावना बोकेको गीत भन्दै तारिफ गरेका थिए ।

हार्दिक शुभकामना

नववर्ष २०७४ को पावन अवसरमा गीतसंगीतप्रेमी समस्त नेपाली दाजुभाइ तथा दिदीबहिनीहरुमा हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछु ।

पारस मुकारुङ
गायक तथा संगीतकार
सेवा डिजिटल स्टुडियो
अनामनगर, काठमाडौं

हार्दिक शुभकामना

नववर्ष २०७४ को पावन अवसरमा गीतसंगीतप्रेमी समस्त नेपाली दाजुभाइ तथा दिदीबहिनीहरुमा हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछु ।

बी.बी. अनुरागी
प्रबन्ध निर्देशक
प्रिज्म डिजिटल स्टुडियो
बबरमहल, काठमाडौं

# कालीप्रसाद राजनराज हावी भएको वर्ष

सुमन पण्डित/म्यूजिकखबर



नेपाली संगीत क्षेत्रलाई हेर्ने हो भने यो वर्ष गायक संगीतकार कालिप्रसाद बास्कोटा र राजनराज शिवाकोटी नै हावी भएको वर्षका रूपमा लिन सकिन्छ । प्राय गरेर उनीहरूको संगीत एवं स्वरमा रहेका गीत नै यो वर्ष चर्चाको शिखरमा रहे । पूर्व मेचीदेखि पश्चिम महाकालीसम्मकै कुनै पनि पार्टी, सभा समारोहमा होस् वा मेला महोत्सव नै किन नहोस् उनीहरूको गीत नबजेको स्थान नभेट्ने कोही छैन । यिनीहरू दुवै उपस्थित नभए पनि उनीहरूका गीतमा नृत्य गर्नेहरूले पनि त्यहाँ उनीहरूका गीतको प्रतिनिधित्व गरिरहेकै हुन्छन् । कालिप्रसाद बास्कोटाको संगीतमा रहेको ठमेल बजारको गीत यो वर्ष यूट्यूबमा सबैभन्दा धेरै हेरिएको मात्र नभएर सबैतिर बज्नेमा पनि अगाडि नै देखिएको छ । कालिप्रसाद बास्कोटा, मिना निरौला र भानुभक्त ढकालको स्वर रहेको चलचित्र लुट–२ को ठमेल बजार यो गीत १२,२०४,०५० पटक हेरिएको छ । ओर्जिनल अपलोड बाहेक कभर भिडियो बनाउनेहरूको संख्या पनि यूट्यूबमा धेरै नै देखिएको छ ।

त्यसैगरी राजनराज शिवाकोटीको शब्द संगीतमा रहेको चलचित्र छक्कापञ्जाको गीत पूर्व पश्चिम रेल दोस्रो स्थानमा सर्वाधिक चर्चामा रह्यो । लोक परिवेशलाई समेटेर तयार पारिएको यो चलचित्रको गीत भनिए पनि सबैले रूचाइएको गीतमा पर्न सफल भयो । यसभन्दा अगाडिको सुर्के थैली बोलको गीतबाट सर्वाधिक चर्चा कमाएका राजनराजले छक्कापञ्जाको पूर्वपश्चिम रेलमा अन्जु पन्तको साथमा आफैंले गीत गाएका छन् । जुन गीत यूट्यूबमा १३, ५९०,१५७ पटक हेरिएको छ । यसको पनि कभर भिडियोको हिसाब गर्‍यो भने धेरै नै देखिन्छ ।

चलचित्रमा नै समावेश भएका गीतहरूलाई हेर्ने हो भने चलचित्र हाउ फन्नीको शिरैमा शिरबन्दी बोलको गीत पनि सर्वाधिक चर्चामा रह्यो । वसन्त सापकोटाको शब्द र संगीतमा रहेको यस गीतमा मेलिना राईको स्वर रहेको छ । यो गीत पनि कभर भिडियोबाहेक ८,६४३,१९४ पटक हेरिएको छ ।

त्यसैगरी चलचित्र काले दाईको शीर्ष गीत काले दाइ पनि सर्वाधिक चर्चामा नै रह्यो । कोशिष क्षेत्रीको संगीत र दिनेश राउतको शब्द रहेको यस गीतमा निर्देशक निश्चल बस्नेत र मिना निरौलाले स्वर दिएका छन् । यो गीत पनि कभर भिडियोबाहेक ८,२९०,६५४ पटक यूट्यूबमा हेरिएको छ ।

कालिप्रसाद बास्कोटाकै स्वरमा रहेको चलचित्र पुरानो डुङ्गाको गीत निर जहिले रिसाउने पनि चर्चामा नै रह्यो । जुन गीतको लिरिकल भिडियोमा मात्रै ७,३०१,५२८ पटक हेरिएको छ । त्यस्तै दीपक शर्माको संगीत, शान्तिप्रियको शब्द एवं कृष्ण काफ्ले र दीपाश्रीको स्वरमा रहेको देखन चम्पा सुनन चम्पा बोलको गीतले पनि चलचित्रको संगीतमा कब्जा जमायो । जुन गीत ५,४५४, ३५१ पटक यूट्यूबमा हेरिएको छ । दीपक शर्माकै संगीत रहेको पिक्चर हिट पनि चर्चाकै शिखरमा रहन सफल भयो ।

त्यसैगरी आधुनिक गीततर्फ भने कालिप्रसाद बास्कोटाको संगीत रहेको साइलीले वर्चश्व जमाउन सफल भयो । हेमन्त रानाको स्वरमा रहेको यो गीतलाई हिमाल साउद र कालीप्रसादले नै लेखेका छन् । यो गीत शब्दका हिसाबले त्यति मेल खाने नदेखिए पनि यूट्यूब र मेलामहोत्सवमा बजेको हिसाबले पनि अग्रपंक्तिमा नै देखिन्छ । यो गीतलाई ९,९७१,७८६ पटक यूटूयूबमा हेरिएको छ । टीका प्रसाई र सञ्जीव पराजुलीको स्वरमा रहेको नाइ मलाई थाहा छैन पनि चर्चाका हिसाबले अब्बल रह्यो । एकनारायण भण्डारीको शब्द र आशिष अबिरलकै संगीत रहेको यो गीतलाई पनि यूट्यूबमा ५,०२६, ७४७ पटक हेरिएको छ ।

त्यसैगरी विश्व नेपालीको स्वरमा रहेको एकनारायण भण्डारीको शब्द रहेको मिठो साह्रै मिठो बोलको गीत पनि चर्चाको शिखरमा रह्यो । जुन गीतलाई आशिष अबिरलले संगीत भरेका छन् । २,६५४, २८४ पटक यूट्यूबमा हेरिएको यो गीतको पनि कभर भिडियोहरू पनि धेरै नै निर्माण भएका छन् । यसको कभर भिडियोहरूका हिसाबले पनि धेरै नै बनेका छन् । त्यस्तै गायक प्रमोद खरेलको चल बतास, लाइदेउ न मायाले, शिव परियारको नभेटी नभेटी, अल्लारे, रामकृष्ण ढकालको म हुरीमा दियो, राजेशपायल राईको दर्शन नमस्ते–३ चर्चामा रहे ।



त्यसैगरी लोकदोहोरीमा कल्पना देवकोटा र लक्ष्मण पौड्यालको स्वरमा रहेको बेनीको बजारमा बोलको गीत रिमेक भर्सनमा गीत बजारमा आउँदा यूट्यूबका हिसाबले चर्चामा नै रह्यो । पुरानो भर्सनमा जति चर्चा र सदाबहार थियो त्यो भने बन्न नसक्ला तर लोकदोहोरीको चर्चाको हिसाबले यो अग्रपंक्तिमा नै देखा पर्‍यो ।

त्यसैगरी मन्जु पौडेल र पशुपति शर्माको रोइला गीत पनि यूट्यूबमा अगाडि देखिएको छ । गाउँको भाका तर अलिकति दर्शकलाई उचाल्ने पाराको गीत भएकै कारण यो अगाडि देखिएको । यसो त पशुपति शर्मा चर्चाका हिसाबले अघिल्लो वर्षहरूमा जस्तो देखिएनन् । अलिकति उत्ताउलोपन, दर्शक उचाल्ने शब्दलाई ध्यान दिने गायकका रूपमा चिनिने गायकीका कारण सधैं चर्चामा रहेका गायक शर्मा यो वर्ष भने त्यस्तो चर्चामा रहेको देखिएन । त्यस्तै रामजी खाँड र जानकी तारमीको यो वर्ष झम्के माया, रामजी र कृष्णा गुरूङको राम्रो छैन मन जस्ता गीतले प्रतिनिधित्व गरिरहेको छ । खुमन अधिकारीहरू पनि अघिल्लो वर्षका तुलनामा यो वर्ष त्यस्तो चर्चामा देखिएनन् । बरू यस वर्ष राजन गुरूङको उहि खोलीमा पानी र कृष्ण रेउलेको आज गाउँमा बजारमा चर्चामा देखिए । चर्चाकै क्रममा विरही कार्कीको होला मायालु, डाँडैमा विजुली र आमा–३ को चर्चा देखियो भने राजन ठकुरीको मनमा आगो सल्क्योलाई पनि बजारले रूचाएको देखियो । त्यस्तै पप गायनतर्फ भने सुनिल गिरीको देउराली–२, भरत सिटौलाको बैंशमा, दिपक बज्राचार्यको अल्लारे जस्ता गीतहरूले प्रतिनिधित्व गरेको देखियो ।

हामीले केही यूट्यूब र बजारको चर्चा अनुसार समीक्षा गरिरहँदा यूट्यूबको दर्शकलाई हेर्ने हो भने केही 'बुस्ट' गरिएर दर्शकको संख्या बढाएको दर्शक पनि हुन सक्छन् । पछिल्लो समय आफ्नो गीत हिट गराउनका लागि यो डलर खर्च गरेर गीतलाई सबैभन्दा बढी रूचाइएको समेत बनाइयो । तर दर्शकले मन पराएका गीतहरू पनि आफैंमा चर्चाको शिखरमा रहेका छन् र सदाबहार पनि बनेका छन् भने बलजफस्ती हिट गराइएका गीतले भने क्षणभरमै अवसान हुनुपरेको अवस्था पनि छ । समग्रमा यो वर्ष गीतसंगीतका लागि त्यति फलदायी वर्षका रूपमा भने देखिएन ।

गीतसंगीत बिक्रीको हिसाबले ठप्प भए पनि बजारमा एल्बमहरू भने सयौंको संख्यामा आइरहे । विशेष गरेर 'दामोदर' प्रवृत्तिले गीतसंगीतको बजार चलायमान बनाइरह्यो । रेमिट्यान्सले संगीत उद्योगलाई संचालन गरेको देखियो भने पैसा लगानी गरेर म्यूजिक भिडियोमा अभिनय गर्नेहरूले यूट्यूबमा कमाउने माध्यमलाई साथ दिइरहे ।

## यो वर्ष को गुमायौ

यो नेपाल कलाजगतले मूर्धन्य स्रष्टाहरू गुमाउन पुगेको छ । जसले नेपाली कलाक्षेत्रको इतिहासमा महत्वपूर्ण योगदान दिइरहेका थिए, उनीहरूलाई २०७३ मा गुमाउनुपरेको छ । संगीत क्षेत्रका विशिष्ट व्यक्तित्वहरू जसले संगीतको उत्थानमा निरन्तर खटिरहे उनीहरूलाई २०७३ ले गुमाउनु पर्दा अपुरणीय क्षति हुन पुगेको छ ।


- थिन्ले लेन्दुप लामा, कलाकार, बैशाख १२ गते
- सूर्यकुमार क्षत्री, गीतकार पत्रकार, बैशाख १६ गते
- महाशंकर देवकोटा, देउडा गायक, बैंशाख २४ गते
- अम्बर गुरूङ, गायक तथा संगीतकार, जेठ २५ गते
- खेम गुरूङ, गायक तथा संगीतकार, भदौ ८ गते
- होमनाथ उपाध्याय, वरिष्ठ तबलाबादक, भदौ २२ गते
- सुनिल बर्देवा, गायक, भदौ २८ गते
- रूवि जोशी, गायक, मंसिर १० गते
- रूद्रप्रसाद भट्टराई, गायक तथा कलाकार, मंसिर २४ गते
- मधुबाबु थापा, गायक, पुस ७ गते
- विष्णुभक्त फुयाँल, कलाकार पुस १९ गते
- अनिल अधिकारी (यमबुद्ध), र्‍यापर गायक, माघ १ गते
- पन्नाकाजी शाक्य, गायक तथा संगीतकार, माघ १२ गते
- रामशेखर नकर्मी, कलाकार, फागुन १६ गते

प्रस्तोता समाज नेपालको अनुरोध

गायक, गायिका एवम् प्रस्तोताहरुको रोयल्टी संकलन तथा वितरण कार्यलाई व्यवस्थित बनाउनका लागि विश्व बौद्धिक सम्पत्ति संगठन (WIPO) बाट उपलब्ध WIPOCOS Software यस सामाजले कार्यान्वयनमा ल्याइसकेको हुँदा सम्पूर्ण गायक, गायिका एवम् प्रस्तोताहरुलाई आफ्नो प्रस्तुतिको सम्पूर्ण विवरण यस समाजको कार्यालयमा उपलब्ध गराउन तथा रोयल्टी संकलन गर्नका लागि यस समाजसँग सम्झौता गर्न अनिवार्य भएकोले यस समाजको सदस्यता लिन, नविकरण गराउन तथा सम्झौता गर्न बाँकी रहनुभएका गायक, गायिका एवम् प्रस्तोता सदस्यहरुलाई यथासक्य छिटो सदस्यता सम्बन्धी सम्पूर्ण प्रक्रिय पूरा गरिदिनुहुन सूचित गरिन्छ ।

प्रस्तोता समाज नेपाल
PERFORMERS SOCIETY OF NEPAL (PSN)
अनामनगर, काठमाडौं, फोन: ०१–४२४५७४२
इमेल: performersnepal@hotmail.com
वेभ: www.performersnepal.org.np


नववर्ष २०७४ को पावन अवसरमा गीतकार, संगीतकार, एरेन्जर, गायक, गायिका एवं समस्त नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछु ।
राधिका हमाल
निर्देशक
कृष्ण पुन
अध्यक्ष एवं प्रबन्ध निर्देशक
म्यूजिक बैंक नेपाल
अनामनगर काठमाडौं
014266546



नयाँवर्ष २०७४ को पावन अवसरमा देश बिदेशमा रहनु हुने नेपाली सङ्गीतप्रेमी स्रोता दर्शकहरू, साथीभाइ, इस्टमित्र तथा दाजुभाइ एवं दिदीबहिनीहरूमा हार्दिक मङ्गलमय शुभकामना ब्यक्त गर्न चाहन्छु ।
गोविन्द प्रसाद उपाध्याय
गीतकार
चन्द्रागिरी नगरपालिका-१५ सिविल होम्स ,काठमाण्डौ


नयाँवर्ष २०७४ को पावन अवसरमा देश बिदेशमा रहनु हुने नेपाली सङ्गीतप्रेमी स्रोता दर्शकहरू, साथीभाइ, इस्टमित्र तथा दाजुभाइ एवं दिदीबहिनीहरूमा हार्दिक मङ्गलमय शुभकामना ब्यक्त गर्न चाहन्छौं ।
गायक रमेश श्रेष्ठ, प्रोप्राइटर
काव्य म्यूजिक सेन्टर, परिवार
काठमाण्डौ, नेपाल



नयाँवर्ष २०७४ को पावन अवसरमा देश बिदेशमा रहनु हुने नेपाली सङ्गीतप्रेमी स्रोता दर्शकहरू, साथीभाइ, इस्टमित्र तथा दाजुभाइ एवं दिदीबहिनीहरूमा हार्दिक मङ्गलमय शुभकामना ब्यक्त गर्न चाहन्छु ।
परशुराम रिजाल
गायक तथा प्रबन्ध निर्देशक
भाइब्स क्रियशन
VIBES CREATION


नयाँवर्ष २०७४ को पावन अवसरमा देश बिदेशमा रहनु हुने नेपाली सङ्गीतप्रेमी स्रोता दर्शकहरू, साथीभाइ, इस्टमित्र तथा दाजुभाइ एवं दिदीबहिनीहरूमा हार्दिक मङ्गलमय शुभकामना ब्यक्त गर्न चाहन्छौं ।
राजेन्द्र पुरी
अध्यक्ष
बबिता पुरी
निर्देशक
प्रियसी म्यूजिक प्रा.लि.परिवार



नववर्ष २०७४ को पावन अवसरमा गीतसंगीतप्रेमी समस्त नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछु ।
श्याम सामसोङ राई
गायक तथा प्रोपाइटर
विनायो क्याफे एण्ड रेस्टुरेन्ट
९८४१९८४८०२
घट्टेकुलो, अनामनगर काठमाडौं
GROUND FLOOR
हामीकहाँ विमोचन, पार्टी, सेमिनार, पास्नी, बर्थ डे पार्टीका लागि उपयुक्त हल तथा साउण्ड सिस्टमसहितको व्यवस्था छ ।


सूचना ! सूचना !! सूचना !!!
छायाँछवि Presents
छायाँछवि क्रियशनको आयोजनामा विगत ९ वर्षदेखि नियमित रुपमा आयोजना हुँदै आइरहेको नवौं डी सिने अवार्ड ०७४ का लागि २०७३ सालभरी प्रदर्शनमा आएका चलचित्र दर्ताका लागि आह्वान गरिएको छ ।
9th CINE AWARD 2074 HETAUDA
चलचित्र दर्ता अन्तिम मिति : २५ चैत्र २०७३
सम्पर्क : छाँयाछवी क्रियशन, डिल्लीबजार। ०१-४४३९१८०


नववर्ष २०७४ को हार्दिक मंगलमय शुभकामना
DREAM WORLD OF FILM MAKERS
Institute of Film Technology and Production
Bagbazar, Kathmandu
Direction
Classess
Visual Editing
Script Writing
Videography
Acting
Contact No:- 01-4246719, 9861237452, 9803049646


नववर्ष २०७४ को पावन अवसरमा गीतसंगीतप्रेमी समस्त नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछु ।
सुनिल लामिछाने
कलाकार
गोरखा चौतारी म्युजिक प्रा.लि.
हाम्रा सेवाहरु
हरेक बिहान ८ बजे NTV Plus मा
गीत चौतारी


नववर्ष २०७४ को हार्दिक मंगलमय शुभकामना
द श्री राज इन्टरटेन्मेंट
THE SHREE RAJ ENTERTAINMENT
Growth your talent show to the world
SPECIAL DANCE CLASS: ( Modern, Cultural, Classical, Hip Hop, Aerobic, Zumba )
Acting, Vocal, Music, Videography, Documentary, Camera
Stage Programe, Programe Organizing, Film/Music Video Making
OFFICE: Sorakhutte, Kathmandu, EMAIL: rajb.2u@gmail.com, PHONE: 9841248223,9851238223


नयाँवर्ष २०७४ को पावन अवसरमा देश बिदेशमा रहनुहुने समस्त सङ्गीतप्रेमी स्रोतादर्शक, साथीभाइ, इस्टमित्र तथा दाजुभाइ एवं दिदीबहिनीहरूमा हार्दिक मङ्गलमय शुभकामना ब्यक्त गर्न चाहन्छु ।
कुमार कार्की, गायक
PACHHAURI UDAYO



बाग्लुङ घर भएकी करिश्मा के.सी. मोडलिङ्मा रमाउँदै आएकी छिन् । मिस्टर एण्ड मिस राजधानीमा मोस्ट स्टाइलिस्ट एण्ड बेस्ट फिगरको उपाधि जितिसकेकी के.सी. मिङ्स भोड्काको ब्राण्ड एम्बसडरसमेत हुन् । नेपाल नेक्स्ट सुपर मोडल २०१६ को उपाधि हात पारेकी के.सी. विभिन्न विज्ञापनहरूमा समेत आफूलाई प्रस्तुत गरिसकेकी छिन् । ऱ्याम्प मोडलिङ, गेष्ट मोडलिङ गर्दै कलाकारिताको दुनियाँमा रमाइरहेकी केसी आगामी दिनमा पनि यो क्षेत्रमै रम्ने योजनामा रहेकी छिन् ।

वर्ष १, अंक १२, २०७४ बैशाख १

www.musickhabar.com
म्यूजिक खबर
Musickhabar Fortnightly Magazine पाक्षिक


करिश्मा के.सी, मोडल

तस्वीरः नवीनबाबु गुरुङ

## फिल्मी खबर

### दीपक क्षेत्रीका लागि सहयोग

**म्यूजिकखबर** । अभिनेता दीपक क्षेत्री नेपाली चलचित्र उद्योगका लागि महत्वपूर्ण योगदान दिएका व्यक्तित्व हुन् । जीवनभर चलचित्र उद्योगमा आफ्नो अभिनय प्रस्तुत गर्दै आएका क्षेत्रीको विगत



केही वर्षदेखि स्वरनलीमा मासु पलाएका कारण बोलचालमा समस्या आइरहेको छ । चिकित्सकले सक्दो चाँडो शल्यकृया गर्नु पर्ने बताएपछि उनीमाथि अहिले आर्थिक संकट थपिएको छ । आर्थिक अवस्था कमजोर भएका कारण शल्यकृया गर्न नसकेपछि क्षेत्रीको उपचारमा सहयोग पुऱ्याउन देशबिदेशमा आर्थिक सहयोग संकलन जुट्दै आएको छ ।

आर्थिक संकलन अभियान अन्तर्गत अमेरिकामा रहेका फिल्मकर्मी सुरेश दर्पण पोखरेलको पहलमा अमेरिकामा नै बस्दै आएका फिल्मकर्मी, पत्रकार तथा अन्य शुभचिन्तकले आर्थिक सहयोग गरेका छन् । दर्पणका अनुसार हालसम्म करिब आठ लाख रूपैयाँभन्दा बढी आर्थिक सहयोग जुटिसकेको छ ।

हालसम्म फेसबुकको अभियान मार्फत फिल्मकर्मी र पत्रकार तथा अन्य शुभचिन्तकहरूबाट करिब ४ ८,४१६ (करीब ८ लाख ४५ हजार रूपैयाँ) जम्मा भैसकेको छ ।

लामो समयदेखि अस्वस्थ रहँदै आए पनि दैनिक जीवन चलाउन उनले फिल्ममा अभिनय गर्न छाडेका छैनन । पछिल्लोपटक दुई चर्चित फिल्म 'झोला' र 'सेतो सूर्य' मा अभिनय गरेका अभिनेता क्षेत्रीले यसअघि पटक–पटक उपचार गराइसकेका छन्। बीचमा एक पटक बोल्न सक्ने भएका उनको फेरि स्वर हराएको हो । त्यस्तै नेपाल सरकारको तर्फबाट क्षेत्रीको उपचारमा ३ लाख दिने निर्णयसमेत गरिसकेको छ । क्षेत्रीको हाल शल्यक्रियाको काम सुरू भइसकेको छ ।

# २०७३ : चलचित्रभन्दा गीत हिट

**म्यूजिकखबर** । बर्ष २०७३ चलचित्रका लागि सकारात्मक र नकारात्मक दुवै हिसाबले सधैं चर्चामा रह्यो । वर्ष २०७३ नेपाली चलचित्र क्षेत्रको लागि त्यति धैरै सफल रहन सकेन । करिव ७ दर्जनभन्दा बढी चलचित्र रिलिज भए पनि एक दर्जन चलचित्र पनि सम्झनयोग्य बनेन ।

वर्षको सर्वाधिक सफल चलचित्रको रूपमा 'छक्का पन्जा' ले नयाँ रेकर्ड नै कायम राख्यो । चलचित्रले १६ करोड बढीको ग्रस कलेक्सन गऱ्यो । यसको अलावा 'जात्रा' 'वीर विक्रम', 'लुट २' ,'पुरानो डुंगा' लगायतका चलचित्रले व्यापार राम्रै गरे । चलचित्रभन्दा गीतको हिसाबले भने केही चलचित्रले सफलताको श्रेणीमा आफूलाई स्थापित गर्न सफल भए । चलचित्र छक्कापञ्जा, हाउ फन्नी, लुट–२, पुरानो डुंगा जस्ता चलचित्रका गीतले सफलता हात पारेका थिए ।




### छक्का पन्जा

वर्ष २०७३ को सर्वाधिक सफल चलचित्रको श्रेणीमा रह्यो, छक्का पन्जा । दीपाश्री निरौलाको पहिलोपटक निर्देशन रहेको चलचित्र छक्कापञ्जाले २०७३ मा चलचित्रको व्यापारलाई सुनौलो अक्षरले लेख्न सफल भयो । भदौ २४ गते रिलिज भएको चलचित्रले नेपाली चलचित्रको इतिहासमा सर्वाधिक कमाई गर्ने चलचित्र मात्रै बनेन मल्टीपेल्क्समा सर्वाधिक कमाई गर्ने चलचित्र समेत बन्यो । १६ करोड माथिको ग्रस कलेक्सन गरेको चलचित्र वर्षको सर्वाधिक सफल चलचित्र हो । चलचित्र देशभरका ८० भन्दा बढी हलमा एकसाथ रिलिज भएको चलचित्र छक्कापञ्जाले सबैको मन जित्न सफल भएको थियो ।

### गाजलु

पछिल्लो समय युवपुस्ताले निकै मन पराएका नायक अनमोल केसी र पूर्व मिस नेपाल शृष्टि श्रेष्ठ मुख्य भूमिकामा रहेको चलचित्र 'गाजलु' जेठ २८ गते रिलिज भएको थियो । चलचित्र हेमराज बिसिको निर्देशनमा तयार भएको थियो । बर्षको पहिलो सफल चलचित्र बनेको 'गाजलु' ले चार करोड भन्दा माथिको कमाई गर्न सफल भएको थियो ।

### वीर विक्रम

भदौ २ गते रिलिज भएको मिलन चाम्स निर्देशित चलचित्र पनि यो बर्षको सफल चलचित्रमा रह्यो । करोड भन्दा माथिको कमाई गर्न सफल भएको चलचित्रमा दिया पुन, दयाहाङ राई, नाजिर हुसेन लगायतका कलाकारको अभिनय रहेको छ ।

### जात्रा

समिक्षक र व्यापारिक दुवै हिसावले सफल बनेको चलचित्र हो, जात्रा । प्रदिप भट्टराईको निर्देशनमा तयार भएको चलचित्रले तीन करोड माथिको ग्रस कलेक्सन गर्न सफल भएको थियो । सिनेमा हलमा ५१ दिन मनाउन सफल चलचित्रमा बर्षा राउत, विपिन कार्की, रविन्द्र झा लगायतका कलाकारको अभिनय रहेको थियो ।

### लुट–२

निश्चल बस्नेत निर्देशित चलचित्रले त्यति राम्रो प्रतिक्रिया भने बटुल्न सफल भएको थिएन । तर चलचित्र 'लुट–२' ले ८ करोड भन्दा माथिको ग्रस कलेक्सन गरेको बताइएको छ । फाल्गुन १३ गते रिलिज भएको चलचित्र देशभरका करिव सय हलमा एकसाथ प्रदर्शन भएको थियो । पहिलो दिनमा नै १ करोड माथिको कलेक्सन गरेको बताइए पनि चलचित्रको व्यापार सन्तोजनक नै रहेको बताइएको थियो ।

### लप्पन छप्पन

वर्षको अन्त्य तीर रिलिज भएको चलचित्र पनि व्यावसायिक हिसाबले सफल बनेको बताइयो । करोड भन्दा माथिको कमाई गर्न सफल चलचित्रलाई मुकुन्द भट्टले निर्देशन गरेका हुन् । बर्षा शिवाकोटी, दयाहाङ राई, अर्पण थापा लगायतका कलाकारको अभिनय चलचित्रमा रहेको थियो ।

### चपली हाइट–२

दिपेन्द्र के खनालको निर्देशनमा तयार भएको चलचित्रले तीन करोड बढीको ग्रास कलेक्सन गर्न सफल भएको बताइएको छ । चलचित्रमा मरिश्का पोखेल र आयुष्मन देशराज जोशी मुख्य भूमिकामा रहेका छन् ।

हार्दिक शुभकामना
नववर्ष २०७४ को पावन अवसरमा गीतसंगीतप्रेमी समस्त नेपाली दाजुभाइ तथा दिदीबहिनीहरुमा हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछु ।
मिलन मोक्तान
प्रबन्ध निर्देशक
साधना कला केन्द्र
पुतलीसडक, काठमाडौं

हार्दिक शुभकामना
नववर्ष २०७४ को पावन अवसरमा गीतसंगीतप्रेमी समस्त नेपाली दाजुभाइ तथा दिदीबहिनीहरुमा हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछु ।
विकास चौधरी
संगीतकार एवं
शान्ति इन्टरटेनमेन्ट
धोबिधारा, काठमाडौं

हार्दिक शुभकामना
नववर्ष २०७४ को पावन अवसरमा गीतसंगीतप्रेमी समस्त नेपाली दाजुभाइ तथा दिदीबहिनीहरुमा हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछु ।
विपिन आचार्य
संगीतकार
माण्डवी त्रिपाठी
गायिका
एमबी म्यूजिक रेकर्डिङ स्टुडियो
भीके प्लाजा, कपुरधारा, काठमाडौं

हार्दिक शुभकामना
नववर्ष २०७४ को पावन अवसरमा गीतसंगीतप्रेमी समस्त नेपाली दाजुभाइ तथा दिदीबहिनीहरुमा हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछु ।
दिपक शर्मा
सङ्गीतकार

हार्दिक शुभकामना
नववर्ष २०७४ को पावन अवसरमा गीतसंगीतप्रेमी समस्त नेपाली दाजुभाइ तथा दिदीबहिनीहरुमा हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछु ।
कृष्ण काफ्ले
गायक

हार्दिक शुभकामना
नववर्ष २०७४ को पावन अवसरमा गीतसंगीतप्रेमी समस्त नेपाली दाजुभाइ तथा दिदीबहिनीहरुमा हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछु ।
नारायण ढकाल
निर्देशक/मोडल

हार्दिक शुभकामना
नववर्ष २०७४ को पावन अवसरमा गीतसंगीतप्रेमी समस्त नेपाली दाजुभाइ तथा दिदीबहिनीहरुमा हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछु ।
सीमा पुन शाह
गायिका

# “बाबाको कम्पोजिसनमा गाएर स्टेजमा चढेकी हुँ”

***गायिका जुना प्रसाईं पूर्वबाट प्रतिनिधित्व गर्ने गायिका हुन् । पूर्वेली चेली गायनको क्षेत्रमा निरन्तर संघर्ष गरिरहेकी गायिका हुन् जुना । ६00 वटा भन्दा बढी गीतमा आवाज दिइसकेकी गायिका जुना सधैं सदाबहार स्थानमा यात्रा गरिरहेकी छन् । उनी न एकैचोटी माथि पुग्छिन् न तल सधैं एउटै धरातलमा उतारचढावबिना यात्रा गरिरहेकी गायिकाको परिचय बनाएकी छन् । गायिका जुनासँग म्यूजिकखबरका लागि सम्पादक सविता पोखरेलले गरेको कुराकानीको अंश:***

***तपाईंलाई चिनाउने गीत चाहिं कुन हो ?***

मलाई चिनाउने गीत 'नदेखेको भए हुन्थ्यो तिमीलाई' बोलको गीत हो । यति धेरै गीत गाइसक्दा पनि अहिलेसम्म त्यहि गीतबाट मलाई चिन्नुहुन्छ ।

***नदेखेको भए हुन्थ्योलाई ब्रेक गर्ने गीत बनेन है ?***

एउटा बनाउन गाह्रो हुने रहेछ, सबैको जिवनमा यो लागु हुन्छ । जब एउटा सिर्जनाले परिचय बनाइदिन्छ, त्यो लगभग स्थायी नै हुँदो रहेछ । एउटा एउटा नै भएर रहन्छ, अर्को आएरपछि दोश्रो हुन्छ । त्यसलाई ब्रेक गर्ने गरेर आउँदैन । त्यसपछि पनि हिट बनेका थुप्रै गीतहरूमा स्वर दिएकी छु । हरेक विधाका गीतहरू आएका छन् । 'बिर्सिए झैं' पनि उतिकै पपुलर सङ हो जसको मेलोडीको समेत खुबै तारिफ हुन्छ । फास्ट बिटमा डान्सिङ फ्लेबरमा 'कम्मर मर्काई' पनि उत्तिकै लोकप्रिय भयो । यस्ता थुप्रै गीतहरू छन् जसले मेरो जुना प्रसाईंको अर्को गीत पनि आएछ भन्ने बनायो ।

***गायिका बन्नु अगाडिको जुना प्रसाईंका बारेमा भनिदिनोस् न ।***

मेरो स्थायी ठेगाना झापाको चारपाने हो । सानैदेखि गीतसंगीत भनेपछि भुतुक्कै हुन्थें म । मेरो ममी बाबाको म्यूजिकमा अत्यन्त प्रेम थियो । बाबाको कम्पोजिसनमा गाएर म पहिलो पटक स्टेजमा चढेकी हुँ । बाबा राम्रो कम्पोजर हुनुहुन्थ्यो । ममी गाउने दुबै विधामा भाग लिन्थे र जहिले पनि म प्रतियोगीता जित्थे । पुरस्कारहरू पाउँथे । स्कुल पढ्दा मलाई ममी बाबाले कहिले पनि कपी, पेन, जोमेट्रि बक्स इत्यादि प्राय मैले किन्नै परेन । ७ कक्षासम्मको पढाइका लागि पुरस्कारले नै पुग्यो । त्यसपछि मैले प्रतियोगितामा भाग लिनलाई ३ वर्ष ग्याप गरें, एसएलसीलाई प्राथमिकता दिएर ।

***अरु बाल गायकले गाउन शुरु गर्ने उमेरमा तपाईंले ग्याप राख्नुभएछ, कुन उमेरदेखि गाउनुभएको हो ?***

सानै उमेरदेखि गाउन शुरू गरें । मलाई अलि अलि याद छ त्यस्तै ५-६ वर्षको थिएँ, बिरेन्द्र सभा गृह बिराटनगरमा राजा बिरेन्द्रको जन्मोत्सवमा गाएको थिएँ । खासै याद त छैन अलि अलि झझल्को जस्तो लाग्छ । सानीमाले गीत गाउन स्टेजमा चढाउनु भएको, ममीले बुनेको ब्लु कलरको स्वटेर र बाबाले किनिदिएको जामा लगाएर गीत गाएको छु । जतिबेला माइक पनि सानीमाले समाउनु भएको थियो, स्वागत छ हाम्रा राजालाई स्वागत छ हाम्री रानीलाई भन्ने गीत गाएकी थिएँ । त्यसमा पनि बाबाको शब्द संगीत रहेको थियो । त्यो जमानामा मैले १५१ रूपैयाँ उपहार पाएकी थिएँ, तर कसले दिएको हो त्यो उपहार थाहा पाउन सकिनँ ।

दशैंका, तिहारमा देउसी भैलोका गीतहरू गाउँथे । क्लबमा पनि गाउने गर्थे । त्यतिबेलाको चुनाबमा पनि गीत गाउन मलाई भनिन्थ्यो, आज कांग्रेसको लागि गीत गाउँथे भनें भोलीपल्ट एमालेका लागि गाउनु पर्थ्यो । एकदिन रूखको हाँगा भाँचेर हिंड्थे भने अर्को दिन सुर्य बोकेर हिंड्न लाउनुहुन्थ्यो । बाबा सरकारी जागिरे, बच्चाहरूलाई यसरी पार्टीगत कार्यक्रममा सहभागी बनाउन हुँदैन भन्ने पनि आवाज आउँथ्यो । यसर्थ मैंले सांगीतिक करियर बाल्यावस्थादेखि नै शुरू भयो ।

***अन्जानमा रुखका हाँगो तथा सुर्यको झण्डा बोकेर हिंड्नुभयो, अब जानाजान चाहिं कता प्रवेश गर्ने योजना छ ?***

म कुनै पार्टीको झण्डामुनीको कलाकार होइन । म पार्टीमा विश्वास गर्दिनँ, व्यक्तिमा विश्वास गर्छु । म एउटा नेपाली हुँ, देशका लागि जसले राम्रो सोचेको छ, त्यसलाई नै मैले रोज्ने गर्छु । यहाँ राम्रा नेता छन् तर काम गर्दैनन् । आत्मनिर्भर हुन चाहँदैनन् नेताहरू, परनिर्भर भएर बस्छन् । गन्धीखेलको रूपमा राजनीति अहिलेसम्म चिनिएको छ । अहिले केही कलाकार भित्रिनु भएको छ । कलाजगतको प्रतिनिधित्व गर्दै कोमल वली जस्ता व्यक्तित्व प्रवेश गर्नुभएको छ मलाई खुशी लागेको छ । पक्कै पनि राजनीतिले कला क्षेत्रलाई हेरिरहेको दृष्टिकोण अब परिवर्तन हुनेछ भन्ने आशा लिएको छु । कलाकारको अधिकारको बारेमा अब केही होला भन्ने पोजेटिभ सोचेको छु । कोमल दिदीजस्तो साहसी मान्छेले देशकै लागि केही गर्नुहुन्छ भन्ने सोचेको छु ।

***यो क्षेत्रमा आउने श्रेय कसलाई दिनुहुन्छ ?***

पहिला त परिवार नै हो यो क्षेत्रमा ल्याउने । त्यसपछि मेरा गुरूहरू जसले मेरो स्वरलाई चिनेर यो क्षेत्रमा आउन सधैं प्रेरित गर्नुभयो आदरणीय प्रकाश गुरूङ सर, दिव्य खालिङ सर । दिव्य खालिङ सरले एकदमै ठूलो सपना बोक्नुभएको थियो मेरा लागि, उहाँसँग एकल एल्बमको काम भइरहेको थियो तर उहाँ बित्नुभयो । त्यो एल्बम निस्कन पाएन । जसले म धेरै अभागी सिङ्गर हुँ जस्तो लाग्छ । मलाई धेरै मिडियाले पनि राम्रो कलाकार हुँदाहुँदै किन चल्न सक्नुभएन भन्छन् तर खै किन हो, कहाँ के भयो थाहा छैन । निरन्तर काम गरिरहेको छु तर सुपरहिट भन्ने चाहिँ भएन, सदाबहार बनें ।

***गाउनुभन्दा अगाडि शब्दचयन कसरी गर्नुहुन्छ ?***

म एकदमै शब्दचयन गर्छु । गाउनुभन्दा अगाडि मलाई एकदमै गाह्रो भनेको शब्दचयन लाग्छ । अहिले पनि गीत गर्न खोजिरहेको छु, शब्दको खोजीमा नै छु । शब्द राम्रो भयो भने संगीत राम्रो बन्छ अनि गायनमा पनि फिलिङ्स आउँछ ।

***यो क्षेत्रमा विकृति विसङ्गति कत्तिको देख्नुभएको छ ?***

विकृति, विसङ्गति भनेको हरेक क्षेत्रमा हुन्छ । अहिले प्रविधिको जमाना भयो, साधना भन्दा पनि प्रविधिलाई सदुपयोग गरेर गीत गाइएको हुन्छ । मैले एउटा गीत सुने, यूट्यूबमा भएको उक्त गीत सुनेपछि मलाई दाँतमा ढुङ्गा लागेजस्तो भयो । किन गाइरहेको होला जस्तो लाग्यो, बरू एउटा बाजा बजाउन सिके हुन्थ्यो भन्ने लाग्यो । गीत गाउनु भनेको जबर्जस्ती गरेर हुन्न, गड गिफ्टेड हुनुपर्छ । शब्दचयन पनि त्यस्तै लाग्यो । परिवारसँग बसेर सुन्न र हेर्न नै अप्ठ्यारो लाग्ने हुने खालका गीतहरूले विकृति विसंगती भित्र्याइरहेको छ ।

***आधुनिक गीतसँगै लोकगीत पनि गाउनुभएको छ ?***

मैले सयभन्दा बढी लोकगीत नै गाएको छु । जति अवार्ड पाएको छु लोकगीतबाटै पाएको छु । पूर्वमा हाम्रो लोकगीत एकदमै चलेको छ, भानु ओली दाइ र म जोडी भएर नै मैले ८० भन्दा धेरै गीत गाएको छु । देउसी भैलीदेखि पूर्वेली लोकगीतहरू मैले गाएको नै धेरै बजिरहेको हुन्छ पूर्वमा । आधुनिक, पप, भजन, राष्ट्रिय लगायत सबै गीत गाएको छु । मेरो टोनमा कुन म्याच गर्छ भन्ने कुरा मात्र हो । लभ सङ, फास्ट बिटका गीतहरू बढि रूचाइएको देखेको छु । एल्बमका रूपमा नजिक, नूतन सोलो एल्बम हो । कलेक्सनमा सङ्गी भन्ने आयो भने अरू धेरै कलेक्सनमा गाएको छु ।

***बाटोमा हिंड्दा गायिका जुना प्रसाईं भनेर अरुले चिन्दा कस्तो लाग्छ ?***

एउटा गायिका भनेर चिनिनुमा धेरै खुशी लाग्छ । उहाँहरूले सम्मान गर्नुहुन्छ, गायिका भनेर चिन्दा, मसँग फोटो लिँदा मैले कमाएको खुशी हो जस्तो लाग्छ । सबैभन्दा ठूलो कुरा नाम कमाउनु नै हो जस्तो लाग्छ ।

***नामले मात्र खान पुग्छ त ?***

त्यो नाम कमाउन पनि दाम नै खर्च गर्नुपर्छ तर आत्मसन्तुष्टि भन्दा माथि अरू केही हुँदैन । अब सांसारिक जीवनका लागि त पैसा कमाउनु नै पऱ्यो । आफूलाई बाँच्न पुग्ने दाम पाए पुग्यो । आफ्नो काममा आत्मसन्तुष्टि भयो भने त्यो भन्दा खुशी अरू लाग्दैन । पैसाबिना त केही पनि हुँदैन र पैसा केही पनि होइन ।



तस्विर: दिनेश थापा

Continuation of the lower section (left column): पनि गीत गाउनुहुन्थ्यो । स्थानिय कार्यक्रमहरूमा बाबा ममीसँगै मैले पनि गीत गाएको मलाई याद छ । मेरो बाबा नाटकमा समेत अभिनय गर्नुहुन्थ्यो । बाबाले राम्रो परिचय बनाउनु भएको थियो । बाबा स्टेजमा पुगेपछि नबोलिकन अडियन्स हाँस्न शुरू गर्थे । बाबा राम्रो डान्सर पनि हो । डान्समा बाबाको जोडी भएर मैले पनि नाचेकी छु । मेरो परिवार सांगीतिक पृष्ठभुमी भएको परिवार हो । नारायण गोपाल, दिप श्रेष्ठको फ्यान मेरो ममी, उहाँहरूको गीत गाइरहनुहुन्थ्यो, म पनि ममीलाई फलो गर्थे, गाउने कोशिष गर्थे ।

स्कुलमा हुने कार्यक्रमहरूमा नाँच्ने र


## हार्दिक शुभकामना

नववर्ष २०७४ को पावन अवसरमा गीतसंगीतप्रेमी समस्त नेपाली दाजुभाइ तथा दिदीबहिनीहरुमा हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछु ।

**सुवास रेग्मी**, प्रबन्ध निर्देशक *तथा*

**विन्ध्यवासिनी म्यूजिक प्रा.लि.**

अनामनगर, काठमाडौं

## हार्दिक शुभकामना

नववर्ष २०७४ को पावन अवसरमा गीतसंगीतप्रेमी समस्त नेपाली दाजुभाइ तथा दिदीबहिनीहरुमा हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछु ।

**डी.आर.**, गीतकार

**डी.आर. म्यूजिक क्रियशन**

अनामनगर, काठमाडौं

www.musickhabar.com
म्यूजिक खबर
Musickhabar Fortnightly Magazine पाक्षिक

# जन्मदिन मनाउँदै गौतमको श्रुतिमा




**म्यूजिकखबर** । गीतकार नारायण गौतमको एकल रचना रहेको गीतिसंग्रह श्रुतिमा आज राजधानीमा धरै सरप्राइका बीचमा सार्वजनिक गरिएको छ । आफ्नो धर्मपत्नी निरू गौतमको जन्मदिन पारेर आयोजना गरिएको श्रुतिमा सार्वजनिक भएको थियो । संगीतकार संघ नेपालले आयोजना भएको उक्त कार्यक्रममा श्रुतिमा एल्बमकी प्रस्तुतकर्ता निरू गौतमको जन्मदिनलाई केक काटेर मनाइएको थियो ।

कार्यक्रमलाई संगीतकार संघ नेपालका महासचिव महेश खड्काले स्वागत मन्तव्य दिँदै संगीतकार संघले आयोजना गर्ने सबै कार्यक्रमहरू अब समयमा नै सुरु हुने बताएका थिए । हामीले हाम्रो समयको महत्व र संस्कारलाई बुझ्नु जरूरी छ भनेका थिए । संगीतकार संघ नेपालका अध्यक्ष लक्ष्मण शेषको सभापतित्वमा आयोजना गरिएको उक्त कार्यक्रममा संगीत नाट्य प्रज्ञा प्रतिष्ठानका सदस्य सचिव गणेश रसिकको प्रमुख आतिथ्यता रहेको थियो । उक्त कार्यक्रममा गीतकार संघ नेपालका अध्यक्ष चुडामणी देवकोटा, नेपाल सांगीतिक संघका अध्यक्ष मिलन मोक्तान, प्रस्तोता समाज नेपालका अध्यक्ष तुलसी पराजुली, संगीत उद्योग संघका पूर्व अध्यक्ष भगवानकुमार श्रेष्ठ, कवि तथा गीतकार डा.राजुबाबु श्रेष्ठ, संगीतकार कल्याण्कारी कोषका संयोजक सुनिल मास्के, संगीत कला पत्रकार संघका अध्यक्ष सुमन पण्डित, नेपाल पत्रकार संघकी उपाध्यक्ष गीता अधिकारी, गीतकार राम भट्टराई, लगायतका अतिथिहरूको हातबाट श्रुतिमालाई सार्वजनिक गरिएको थियो ।

त्यसैगरी संगीतकार संघ नेपालले अबदेखि कुनै पनि कार्यक्रम गर्दा अथितिहरूलाई पारिश्रमिक दिने भन्दै ड्यासमा रहेका सम्पूर्ण अतिथिहरूलाई सरस्वतिको भेटी भन्दै खामभित्र राखेर नगद रूपैयाँ प्रदान गरेको थियो । दिनभर काम छाडेर कसैको एल्बम विमोचन भन्दै हिंड्ने गरेका अतिथिहरूलाई कम्तीमा गाडीभाडा भए पनि दिने वातावरण सिर्जना गर्नुपर्छ भन्दै उक्त खाम प्रदान गरिएको थियो ।

सोही अवसरमा संगीतकार संघ नेपालले संगीत कला पत्रकार संघको कल्याणकारी कोषमा श्रुतिमा एल्बममार्फत् रू ५००० रूपैयाँ प्रदान गरेको थियो । त्यसैगरी संगीतकार कल्याण्कारी कोषमा संगीतकार तुलसीराम थापाले रू ११ हजार रूपैयाँ र इजरायल निवासी रिता क्षेत्रीबाट २० हजार रूपैयाँ कोषका संयोजक संगीतकार सुनिल मास्केको हातमा हस्तान्तरण गरिएको थियो । सम्पूर्ण संघ संस्थाको प्रतिनिधित्व गर्दै गीतकार संघ नेपालका अध्यक्ष चुडामणी देवकोटाले बोलेका थिए । देवकोटाले विदेशमा रहेका गीतकारहरूले अहिलेको उद्योग चलिरहेको भन्दै गीत संगीत भनेको मुलुकको संस्कृति र संस्कार भएको बताएका थिए ।

त्यसैगरी प्रमुख अतिथि गणेश रसिकले अतिथिहरूको सम्मानको थालनी गर्दै समय र संस्कारको सुरूवातमा संगीतकार संघ नेपाल अगाडि रहेको बताएका थिए । कार्यक्रममा अतिथिको भूमिका निर्वाह गर्दै गर्दा उसको समय र सम्मानको ख्याल गर्नु सबैको दायित्व भएको बताउँदै श्रुतिमा एल्बमले सफलता पाउने विश्वास लिएका थिए । त्यसैगरी सभापति संगीतकार संघ नेपालका अध्यक्ष लक्ष्मण शेषले अरूको सम्मान गर्न जाने नै आफ्नो सम्मान हुने बताएका थिए । अब हामीले समयको ख्याल गर्दै संघले आयोजना गर्ने सम्पूर्ण कार्यक्रमहरू समयमा नै सम्पन्न हुने बताएका थिए । कार्यक्रम संगीत कला पत्रकार संघका उपाध्यक्ष लोकराज अधिकारीले संचालन गरेका थिए ।

श्रुतिमा एल्बमभित्र ८ वटा गीतहरू समावेश गरिएको छ । कहिले पनि नबोलेको, न दुख्ने न पोल्ने, तिम्रो नामको, अझै पनि, थोरै थियो, तिम्रो मन्दमन्द, मरेपछि, रहरहरू जस्ता गीतहरू समावेश गरिएको छ । जसमा राज शुक्र लिम्बू, हरि लम्साल, बाबुल गिरी, विनय केटु र हिमाल सागरको संगीत रहेको छ । उदितनारायण झा, मिलन अमात्य, रामकृष्ण ढकाल, अन्जु पन्त, दीपक लिम्बू, शिव परियार, प्रमोद खरेल, हिमाल सागरको स्वर रहेको छ ।

# कमलको लजालुपन

मानिससँग लुकेका धेरै प्रतिभा हुन्छन् । कोही गायनमा त कोही अभिनयमा तर कलासँग भने सबै सहकार्य गरिरहेका हुन्छन् । पत्रकारितामा लागेकाको लागि त झन् यो परिपूरकका रूपमा पनि देखिएको छ । पछिल्लो समय पत्रकारितामा लामो समय खर्चिसकेका गायक कमल श्रेष्ठको लजालु रूप सार्वजनिक भएको छ । साँच्चिकै लजालु स्वभावका कमल श्रेष्ठ संगीतको अध्ययनमा पनि निरन्तर सक्रिय छन् । संगीतका विद्यार्थी कमल पेशाले पत्रकारिता भए पनि



आफ्नो गायनको प्रतिभालाई भने उजागर गर्न लजाइरहेका थिए । स्वरको माधुर्यतालाई लुकाएर पत्रकारितामा होमिएका थिए । अहिले उनी लजाउँदै लजाउँदै आफ्ना प्रतिभालाई उजागर गर्दैछन् ।

प्रभाव राष्ट्रिय दैनिकसँग आबद्ध सक्रिय सञ्चारकर्मी पनि रहेका श्रेष्ठको नयाँ म्युजिक भिडियो 'लजालु रूप' आइतबारबाट भाइब्स क्रिएसन मार्फत् सार्वजनिक गरिएको हो । आधुनीक गीत-संगीतमा राम्रै जमेका गायक श्रेष्ठले वैशाखको अन्तिमसम्ममा अर्को म्युजिक भिडियो पनि सार्वजनिक गर्ने जानकारी दिएका छन् । कलाकारिता र पत्रकारिताको दैनिकीमा व्यस्त रहेका श्रेष्ठको आइतबार सार्वजनिक भएको गीतको शब्द रमेश दाहालको र संगीत डेनी निरौलाको रहेको छ । भेनस रेकर्डिङ स्टुडियोमा रेकर्ड गरिएको सो गीतलाई विक्रम कार्कीले एरेन्ज गरेका छन् ।

उक्त गीतको म्युजिक भिडियोमा अहिलेको चर्चित मोडल लीला गीरी र लालबहादुर ढेंगाको अभिनय रहेको छ भने भिडियोको निर्देशन ह्यारी कट्टेलले गरेका छन् । अभिषेक माझीले छायांकन गरेको उक्त गीतको भिडियोलाई विश्व भण्डारीले सम्पादन गरेका हुन् । पूर्वेली लोकलयलाई पछ्याउँदै आधुनिक धारमा तयार भएको उक्त गीतले विशेषगरी तन्नेरी पुस्ताको ध्यान तान्ने र सवैको मन जित्नेमा गायक आशावादी रहेको बताउँछन् । लजालु रूपसँगै एल्बमका ६ वटा गीतहरू सबै तयार भएको गायक श्रेष्ठले बताए ।

हार्दिक शुभकामना
नववर्ष २०७४ को पावन अवसरमा गीतसंगीतप्रेमी समस्त नेपाली दाजुभाइ तथा दिदीबहिनीहरुमा हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछु ।
गणेश गुरुङ
गायक/सङ्गीतकार

हार्दिक शुभकामना
नववर्ष २०७४ को पावन अवसरमा गीतसंगीतप्रेमी समस्त नेपाली दाजुभाइ तथा दिदीबहिनीहरुमा हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछु ।
कृष्ण रेउले
गायक

हार्दिक शुभकामना
नववर्ष २०७४ को पावन अवसरमा गीतसंगीतप्रेमी समस्त नेपाली दाजुभाइ तथा दिदीबहिनीहरुमा हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछु ।
टीका प्रसाईं
गायिका

हार्दिक शुभकामना



नववर्ष २०७४ को पावन अवसरमा गीतसंगीतप्रेमी समस्त नेपाली दाजुभाइ तथा दिदीबहिनीहरुमा हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछु ।
झलक संगीतम्, प्रबन्ध निर्देशक
आलाप रेकर्डिङ स्टुडियो प्रा.लि.
अनामनगर, घट्टेकुलो, काठमाडौं

हार्दिक शुभकामना
नववर्ष २०७४ को पावन अवसरमा गीतसंगीतप्रेमी समस्त नेपाली दाजुभाइ तथा दिदीबहिनीहरुमा हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछु ।
किशोर थापा, प्रबन्ध निर्देशक
ए वान म्यूजिसियन स्टुडियो
पुतलीसडक, धोविधारा, काठमाडौं

SCREENNEPAL #1 Nepali Entertainment Portal
साप्ताहिक फिल्मी खबर हरेक बिहिबार, मनोरञ्जनको सूचना र समाचार
म्युजिक डायरी Music Diary
STREETNEPAL.COM total newsportal

# विश्वव्यापी स्वदेशगीत प्रतियोगिता

राष्ट्र र राष्ट्रियताको महत्वलाई आत्मसात गर्दै बृहत् नेपाली कलाकार संघ, उत्तर अमेरिका (United Nepalese Artists Association, North America (UNAANA) ले विश्वव्यापी स्वदेशगीत प्रतियोगिता गर्न लागेको छ । युनानाको नेपाल संयोजन समिति नेपाल कलाकार मैत्री मञ्चद्वारा विश्वव्यापी स्वदेशगीत प्रतियोगिता गर्न लागेको हुँदा राष्ट्रिय भावले ओतप्रोत भएका गीतहरूलाई सहभागी गराउन अनुरोध गरिएको छ । राष्ट्रियभावका गीतहरूबाट प्रथम, द्वितीय, तृतीय स्थान हासिल गर्ने गीतलाई पुरस्कार पदक, प्रमाणपत्र र निःशुल्क गीत रेकर्ड गराइदिने आयोजक संस्था युनानाले जनाएको छ ।

– प्रतियोगितामा विश्वभरि छरिएर रहेका सम्पूर्ण नेपाली लेखकहरूले भागलिन पाउनेछन् ।

– सहभागीताको लागि आफ्नो पूरा गीत सहित २०७४ बैशाख ३१ गते सम्म पठाइसक्नु पर्ने छ ।

– प्रतियोगितामा सहभागी हुने गीत कुनै पत्र–पत्रिका, पुस्तक, सामाजिक सन्जालमा प्रकाशन वा रेडियो टेलिभिजनबाट प्रशारण नभएको हुनु पर्नेछ ।

– गीत विशुद्ध नेपाली भाषामा लेखिएको हुनुपर्ने छ ।

– गीत एउटा मात्र पठाउनु पर्ने छ ।

– गीत पठाउँदा पूरा नाम, ठेगाना, फोन नम्बर र एक प्रति फोटो पनि अनिवार्य उल्लेख गर्नुपर्ने छ ।

– गीतमा राष्ट्र र राष्ट्रियता समेटिएको हुनुपर्छ ।

– गीतमा व्यक्ति, लिङ्ग, जात, धर्म, भाषा, समाज, राष्ट्र र राष्ट्रियता माथि चोट पुग्ने कुनै शब्द प्रयोग भएको हुनु हुदैन ।

– प्रतियोगितामा सहभागी भएको गीत अन्तिम नतिजा प्रकाशन नभए सम्म कतै प्रकाशन र प्रशारण गर्न पाइने छैन ।

– यदि कतै प्रकाशन र प्रशारण भएको थाहा भएमा उक्त गीत प्रतियोगिताबाट स्वतस् रद्द गरिनेछ ।

– प्रतियोगितामा समाबेश हुने गीत युनिकोडमा टाईप भएको मात्रै मान्य हुनेछ ।

– गीतको निर्णय नेपाली सङ्गीतका विशिष्ट व्यक्तित्वहरूको सामूहिक उपस्थिति बाट गरिने छ । जसमा रचना, सङ्गीत र स्वर बाट ३ जनाको निर्णायक समित बनाइने छ ।

– निर्णायकको निर्णयको आधारमा प्रथम, द्वितीय र तृतीय विजयी घोषणा गरिनेछ ।

– प्रथम, द्वितीय र तृतीय भएका गीतहरूको एउटा सीडी बनाएर सार्वजनिक गरिने छ ।

राष्ट्रिय भावका गीतहरू सहभागी गराउनका लागि युनाना–नेपाल कलाकार मैत्री मञ्चको म्यासेज बक्स वा बृहत् नेपाली कलाकार संघ, उत्तर अमेरिका वा Emali: unaananepal@gmail.com मा गीत पठाउनु पर्ने देखिन्छ ।

United Nepalese Artists Association, North America
ited Nepalese Artists Association, North Americ
हत् नेपाली कलाकार संघ, उत्तर अमेरिक

## कोरोला नाका खोल्न गीत

**म्यूजिकखबर** । जिल्लाको कोरोला नाका खुलाउने अभियान बोकेर कलाकारहरूले सांगीतिक रूपमा दबाब दिन सुरू गरेका छन् । प्राकृतिक दृष्टिकोणले भरिपूर्ण हिमाल पारीको जिल्ला भनेर चिनिने मुस्ताङको कोरोला नाका खुलाउनुपर्छ भन्ने अभियानमा कलाकारद्वय निरज थकाली र बादल थकाली लागिपरेका छन् । चर्चित गीतकार बिपीन किरणको रचनामा संगीतकार मिलन मोत्तानले संगीतबद्ध गरेको गीतहरूले मुस्ताङको सेरोफेरो झल्काउने मात्र होइन गीतबाटै कोरोला नाका खोल्नुपर्छ भन्ने दबाब सिर्जना गरिएको छ ।

मुस्ताङको प्रचारप्रसार गर्ने उद्देश्यले तयार पारिएको गीति एल्बम हाम्रो मुस्ताङको मंगलबार सांसद श्रीमाया थकालीको हातबाट सार्वजनिक गरिएको छ । थकाली समुदायको उद्‌गम स्थल मानिने घरपझोङ गाउँपालिका ५ ठिनीमा सुरू भएको १२ वर्षे मेलाको अवसरमा सांसद श्रीमाया थकालीले एल्बमको बिमोचन गरेकी थिइन् । सात वटा गीत रहेको एल्बममा समावेश भएका तिन वटा गीत मुस्ताङ संग सम्बन्धित छन् ।




चलचित्र निर्माता बादल थकाली र सञ्चारकर्मी निरज थकालीको प्रस्तुति रहेको एल्बमका गीतमा टिका प्रसाई, कृष्ण काफ्ले, रेश्मा पुन, लेखराज गुरूङ, राजेश पायल राईको स्वर रहेको छ । मिलन मोत्तानको संगीत र विपीन किरणको शब्द रहेको गीतमा मुस्ताङको पर्यटकीय, धार्मिकस्थल, कला, संस्कृतिको उजागर गर्नुका साथै कोरोला नाका खोल्नलाई आव्हान गरिएको छ । गीतको माध्यमबाट आन्तरिक पर्यटन प्रर्वद्धन गर्ने लक्ष्य रहेको निर्माता निरज थकालीले बताए । उक्त गीतको छिट्टै म्युजीक भिडीयो समेत तयार पार्ने उनले जानकारी दिइन् । गीतकार विपीन किरणले आफुले मुस्ताङको झल्को गीतमा दिन कोशिश गरेको बताए । ठिनी गाउँ समाजले आयोजना गरेको मेलाको उदटन गर्दै सांसद थकालीले मुस्ताङको प्रचारप्रसार गरी आन्तरिक पर्यटक भित्र्याउन तथा कोरोला नाका सञ्चालनमा ल्याउन दवाव पुग्ने बताइन् । प्रत्येक १२ वर्षमा लाग्ने परम्परागत यो मेला १५ दिनसम्म चल्नेछ ।

हार्दिक शुभकामना
नववर्ष २०७४ को पावन अवसरमा गीतसंगीतप्रेमी समस्त नेपाली दाजुभाइ तथा दिदीबहिनीहरुमा हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछु ।
प्रकाश भट्ट
निर्देशक
साई भिजन प्रा.लि.
अनामनगर, काठमाडौं

हार्दिक शुभकामना
नववर्ष २०७४ को पावन अवसरमा गीतसंगीतप्रेमी समस्त नेपाली दाजुभाइ तथा दिदीबहिनीहरुमा हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछु ।
शिव वि.क.
निर्देशक
Shiva 4S Media
पुतलीसडक, काठमाडौं

हार्दिक शुभकामना
नववर्ष २०७४ को पावन अवसरमा गीतसंगीतप्रेमी समस्त नेपाली दाजुभाइ तथा दिदीबहिनीहरुमा हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछु ।
विनोद बाजुराली
एरेन्जर एवं प्रबन्ध निर्देशक
मालश्री रेकर्डिङ स्टुडियो
शंकरदेव, पुतलीसडक, काठमाडौं

हार्दिक शुभकामना
नववर्ष २०७४ को पावन अवसरमा गीतसंगीतप्रेमी समस्त नेपाली दाजुभाइ तथा दिदीबहिनीहरुमा हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछु ।
राजन ठकुरी
गायक एवं प्रबन्ध निर्देशक
आदर्श डिजिटल प्रा.लि.
बालाजु, काठमाडौं

हार्दिक शुभकामना
नववर्ष २०७४ को पावन अवसरमा गीतसंगीतप्रेमी समस्त नेपाली दाजुभाइ तथा दिदीबहिनीहरुमा हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछु ।
सुदीप सागर — एरेन्जर
विन्दु परियार — गायिका
लोक, आधुनिक, पप शैलीका गीतसंगीतको एरेन्ज गर्नुपरेमा सम्झनुहोस् ।
अनामनगर, काठमाडौं । ९८५११८८२३७

नववर्ष २०७४ को हार्दिक शुभकामना
YouTube indreni.com



नयाँ वर्ष २०७४ को पावन अवसरमा समस्त गायक, गायिका, एरेन्जर, बाद्यवादक एवं सम्पूर्ण संगीतकर्मीहरुमा हार्दिक मङ्गलमय शुभकामना ।


www.musickhabar.com
म्यूजिक खबर
Musickhabar Fortnightly Magazine पाक्षिक
काठमाडौं, जि.प्र.का. दर्ता नं २३२/०७३/०७४

# ‘ग्राहक लक्षित भएको छ दोहोरी’

**लोकदोहोरी भन्दैमा संगीतको शिक्षा बिना आउनु हुन्न भन्छिन् । संगीतको बारेमा ज्ञान लिएर आउनु पर्छ, गीत गाउँदा कुन स्केलबाट गाउनुहुन्छ भनेर सोध्दा भन्न सकिएन भने के गर्ने ? हामीलाई हेप्नुको कारण शिक्षाको कमी हो । हामी कमजोर भएपछि नै अरुले हेप्ने हो ।**



**सुमन पण्डित/म्यूजिक खबर**

२०६३ पहिलो 'बाल्यकालमा डाँडीमा चैचै' लोकदोहोरी गीतबाट गायन यात्रा सुरू गरेकी रञ्जिता थापा मगरले दुई दर्जनभन्दा बढी गीतहरूमा स्वर दिइसकेकी छनु । तनहुँ, कोटा गाविस जैथुम स्थायी घर भएकी रञ्जितालाई गायिका भनेर चिनाउने गीत भने 'लेकैमा घर' हो । पछिल्लो समय झुम्के फूलीमार्फत बजारमा देखिएकी गायिका रञ्जिताले जोवन गइसक्यो, लेकैमा घर, साल काटेर जस्ता गीतहरूले स्टेज कब्जा गर्ने गर्छिन् । गीत लेखन, भाका सिर्जना र गायनको क्षमताभित्र उनको परिचय मोडलको पनि हो । १५ वटा भन्दा माथि गीतमा मोडलिङ गरिसकेकी गायिका रञ्जितालाई मोडलिङमा प्रवेश गराउने भने जेबी ओली हुन् । तिजको गीतमा मोडल बनाइदिएपछि उनी विज्ञापनतिर पनि मोडलिङ गर्त थालिन् । स्टेजमा जाँदा मोडलिङ भन्दा गायनलाई बढी प्राथमिकतामा राख्ने हुँदा उनी गायनतिर होमिएकी हुन् । रमाइलो क्षेत्र रहरै रहरमा गायिका बन्नुपरेको अनुभव छ उनीसँग । त्यसो त उनी राम्रो फेसन डिजाइनर पनि हुन् । नेपाली मौलिकता अनुसारको फेसन डिजाइनमा उनको रूचि छ ।

पछिल्लो समय कलाकारितामा लाग्नेहरूको यथार्थ चित्रण गरेको गीत थियो उनको 'बाख्री बेचे अडियो भैंसी बेचे भिडियो' । जुन गीत विवादमा पनि आयो । समग्रमा कलाकारको पछिल्लो समयको पीडालाई गायिका थापाले गीतमार्फत् उतारेकी थिइन् तर विवादित बनाइँदा दु:ख लागेको उनले बताइन् । टिचिङ गर्दा गर्दै छाडेर हिडेकी रञ्जिता अन्नत: गायिका भएर चिनिइन् । मगर समुदायबाट उनको गाविसमा एसएलसी उत्तीर्ण गर्ने पहिलो छात्रा हुन् उनी । छोरीहरूले पढ्न हुँदैन भन्ने चलन उनको गाउँमा पनि थियो । २०६० एसएलसी दिएपछि पोखरा गएकी थिइन् उनी । पोखरामा रहेका उनका दाइ र भाइले दोहोरीमा गीत गाउन लगाइदिए । स्वर राम्रो छ, दोहोरी गाउनु पर्छ भन्दै दाइभाइले गायनतर्फ मोडिदिए उनलाई । पोखराको दोभान दोहोरीमा गीत गाउन थालिन् उनले । त्यतिबेलाको दोहोरी साँझ सभ्य थियो, थेगो अनुसार शब्दचयन हुन्थे तर अहिले ग्राहकलाई लक्षित गरेर उफार्ने बनेको छ दोहोरी, उनले भनिन् । पदम गुरूङसँग संगीतको शिक्षा लिएकी उनी यतिबेला भने ललितकलामा संगीतमा स्नातकमा अध्ययन गरिरहेकी छन् ।

हाम्रो समाजमा दोहोरीमा गाउनु नराम्रो मान्छन् । त्यही भएर होला उनको बुबाले पनि दोहोरी गाउनेलाई मन पराउनु हुन्थेन । बुबाले बेला बेलामा घरमा जाँदा उनलाई सधैं भन्नुहुन्छ- 'गीताङ्गे भएर कति दिन बाँचिन्छ, भाइ बहिनी, दाइ दिदीहरूले कति कमाइसके ?' तर उनी हार मानेकी भने छैनन् बरू बुबालाई सम्झाउनेतर्फ उनको ध्यान जाने गरेको छ । कहिले काहीँ उनको गीत टीभीमा बज्दा वा गाउँमा रेडियोमा गीत बज्दा भने खुशी हुँदै छोरीले गाएको गीत भन्नुहुन्छ । बुबालाई पनि मन नपरेको भने होइन तर छोरी भविश्य बिग्रेलाकी भन्ने डरमा चिन्ता व्यक्त गर्नुभएको हो भन्ने मैले बुझेको छु, रञ्जिताले भनिन् । गीत गाउँदै गएपछि अहिले सबैको नजरमा राम्रो भएको छ, भिडियो हेर्छन् राम्रो कमेन्ट आउँछ । सकारात्मक रूपमा हेर्ने बनेको छ लोकदोहोरी ।

कलाकारको जिन्दगी कस्तो छ भन्ने प्रश्नमा रञ्जिताले भनिन्- 'अरूले देख्दा कति राम्रो, प्रगति गर्‍यो, यसको घर गाडी सबै होला भन्छन् तर कलाकारको भित्री जिन्दगी भने पीडाभित्र गुम्सिएको पत्तै हुँदैन ।' एउटा कलाकार टीभीमा आउँछ, अरू संचारमाध्यममा आउँछ, गीत गाएकै छ, मेला महोत्सव धाएकै छ, त्यो देख्दा समाजले हेर्ने दृष्टिकोण राम्रो हो तर भित्र के भइरहेको छ भन्ने उनीहरूलाई थाहा हुँदैन ।

राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान नेपाल ललितपुर समन्वय समितिको उपाध्यक्षसमेत रहेकी रञ्जिता नेपाल मगर सांस्कृतिक संघको केन्द्रीय सदस्यसमेत हुन् । उनी लोकदोहोरी भन्दैमा संगीतको शिक्षा बिना आउनु हुन्न भन्छिन् । संगीतको बारेमा ज्ञान लिएर आउनु पर्छ, गीत गाउँदा कुन स्केलबाट गाउनुहुन्छ भनेर सोध्दा भन्न सकिएन भने के गर्ने ? हामीलाई हेप्नुको कारण शिक्षाको कमी हो । हामी कमजोर भएपछि नै अरूले हेप्ने हो, रञ्जिताले भनिन् । मोडिलिङ गर्नेले पनि प्रत्येक स्टेपको ख्याल गर्नुपर्‍यो । पछिल्लो समय पैसा भएपछि मोडल बन्न आउनेहरूले गुणस्तरीयतालाई मापन गर्न सकेका छैनन् । राम्रो गीत निर्माण हुन्छ, पैसा हुनेले भिडियो बनाउँछ अनि गीत मर्छ, उनले भनिन् । आफ्नो स्वरअनुसार स्केल ख्याल गर्दा वा अरूले यो स्केलमा बजाइदेउ भन्न सक्नुपर्छ ।

पछिल्लो समयमा गीतसंगीतमा प्रवेश गर्नेलाई रञ्जिताको अनुरोध छ- गीतसंगीतको अध्ययनमा लाग्नुपर्छ, पोख्त हुन सक्नुपर्छ । नजानीकन अगाडि बढ्नुभन्दा पछाडि रहेर नै ज्ञान प्राप्त गर्नु राम्रो हो । सस्तो लोकप्रियताले हामीलाई नै हानी गर्छ । पछिल्लो समय आफ्नो एकल लोकगीतको एल्बम 'माछी तालैमा' को तयारीमा रहेकी छन् । आफ्नै स्वर, भाका र शब्दमा उनले लोकगीतको एल्बम बजारमा ल्याउन लागेकी हुन् । लोकगीतको क्षेत्रलाई नजिकबाट मूल्यांकन गरिरहेकी रञ्जिता यही क्षेत्रमा आफ्नो नामलाई उच्च बनाउने अभियानमा छिन् ।











